लेखापरीक्षण प्रतिवेदन

चैनपुर नगरपालिका, संखुवासभा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

चैनपुर नगरपालिका, संखुवासभा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/100

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,

चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

चैनपुर, संखुवासभा।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१ नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तीको एकीकृत बार्षिक प्रतिवेदन (मलेपफानं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ५० लाख ९१ हजार र स्वास्थ्य क्षेत्र सुधार विकास कार्यक्रमको रु.५ लाख ९५ हजार तथा एकिकृत स्वास्थ्य तथा पूर्वाधार बिकास कार्यक्रमतर्फ रु २ करोड ३३ लाख ३२ हजार समेत रु.१४ करोड ९० लाख १८ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रु.१ अर्ब ४८ करोड ८२ लाख ७८ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा ७२ सैद्धान्तिक दफा सहित रू.२ करोड ४९ लाख ३० हजार बेरुजू देखिएको छ। प्रारम्भिक प्रतिवेदन जारी

भए पश्चात रु.६ लाख ६९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई असुल गर्नुपर्ने रू.१८ लाख १४ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू.४० लाख ४८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८४ लाख २८ हजार बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म रु.२९ करोड ४९ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजु समेत अद्यावधिक बेरुजू रु.३१ करोड ९२ लाख ४८ हजार देखिएको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चैनपुर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी चैनपुर नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले

सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७२	२८५	२४९३०१६८	०	१९	६६८६५०	२८२२०	७२	२६६	२४२८९७३८	१८१३५८५	१८४२८३८९	४०१९५४४	०	०	२२४४७९३३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
संखुवासभा	२९६२४७०००	०	१२८९११३	२९४९५७८८७	०	२४२८९७३८	३१९२४७६२५

बेरुजु सम्परीक्षणको विवरण

,,,,,,,,,,,,,,,,

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	६५	वोलपत्र खोलेको समयमा वैठक भत्ताः	४८४५०.०
२	२०८०/८१	७३	बढी ग्रेड भुक्तानीः	१२७३८.०
३	२०८०/८१	८०	निजी बिद्यालयको परीक्षा संचालन खर्चः	३०२५.०

४	२०८०/८१	९८	नर्म्स भन्दा बढी भुक्तानी-	४९३०.०
५	२०८०/८१	५७	खाद्यान्न खरिदः	३८१९२०.०
६	२०८०/८१	४७	कर्मचारीको भ्रमण खर्चः	२३९००.०
७	२०८०/८१	४६	कर्मचारीको अतिरिक्त कार्य गरेको खर्चः	१९३६८७.०
८	२०७९/८०	४३	बढी भुक्तानी	११७२०.०
९	२०७९/८०	९०.१	पूर्वनिर्धारित क्षतिपूर्ति	३३९०३२.०
१०	२०७९/८०	३१	नपाउने यातायात खर्च	४०८०.०
११	२०७८/७९	१०२.४	सामाजिक सुरक्षा तथा संरक्षण(३१४०१०१२३) तर्फः	५७३३.०
१२	२०७८/७९	५६	बढी भुक्तानी	१०२००.०
१३	२०७८/७९	७१	नर्म्स भन्दा बढी खर्चः	६८००.०
१४	२०७८/७९	५५	दिवा खाजा	२७९७५७.०
१५	२०७८/७९	८०	क्षमता विकास तालिम कार्यक्रमः	४२५११.०
१६	२०७८/७९	५१	अग्रिम कर	८२८०.०
१७	२०७८/७९	३४	शसर्त अनुदान फिर्ता	५८१०००.०
			जम्मा	**१९५७७६३.०**

(८०१०४४०२३०० - चैनपुर नगरपालिका, संखुवासभा)

परिचय

१ **(क) परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिकामा वडा संख्या ११ रहेको छ भने क्षेत्रफल २२३ वर्ग किलोमिटर तथा २६ हजार ७९९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०८ देखि २०८१।०५।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. १४८,८२,७८,१०९।८३ को लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,७८,१५८/- रकम असुल भई बेरुजू खातामा दाखिला भएको प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	शिक्षातर्फ बढी निकासा भएको रकम असुल भएको रु	७७१८४
२	सामाजिक सुरक्षा तर्फको बढी निकासा रकम रु	१००९७४
	जम्मा	१,७८,१५८/-

२ **प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन**

नगरपालिकाको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) निम्नअनुसार रहेको छ:

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	१०,७६,६१,६२४.६८	१०,७६,६१,६२४.६८	१०,३२,६७,०६५.४७	१०,३२,६७,०६५.४७
१३०००	अनुदान	४६,५२,९८,०८६.२८	४६,५२,९८,०८६.२८	५२,७३,२३,३६८.७८	५२,७३,२३,३६८.७८
१४०००	अन्य राजस्व	१,४३,०८,१५१.७२	१,४३,०८,१५१.७२	१,३२,८७,८३५.३१	१,३२,८७,८३५.३१
१५०००	विविध प्राप्ति	१५,१८,१२४.२५	१५,१८,१२४.२५	०	०
क	कुल जम्मा प्राप्ति	५८,८७,८५,९८६.९३	५८,८७,८५,९८६.९३	६४,३८,७८,२६९.५६	६४,३८,७८,२६९.५६
३	चालु	३९,४४,०७,७९४.१३	३९,४४,०७,७९४.१३	४०,८७,०५,४५७.०२	४०,८७,०५,४५७.०२
२१०००	पारिश्रमिक / सुविधा	२७,९०,६३,६२५.००	२७,९०,६३,६२५.००	२६,३७,५६,८२४.५८	२६,३७,५६,८२४.५८
२२०००	मालसामान तथा सेवाको उपयोग	१०,४६,३५,०१७.१३	१०,४६,३५,०१७.१३	१२,०१,६४,८५१.०१	१२,०१,६४,८५१.०१
२५०००	सहायता (Subsidy)	२९,८२,५३३.००	२९,८२,५३३.००	१,३८,७९,२७४.४३	१,३८,७९,२७४.४३
२७०००	सामाजिक सुरक्षा	५६,४६,१९८.००	५६,४६,१९८.००	७५,४९,७४२.००	७५,४९,७४२.००
२८०००	अन्य खर्च	२०,८०,४२१.००	२०,८०,४२१.००	३३,५४,७६५.००	३३,५४,७६५.००
४	पूंजीगत	२०,३०,४१,४४५.२८	२०,३०,४१,४४५.२८	२६,६६,३९,२८७.०२	२६,६६,३९,२८७.०२
३१११०	भवन तथा संरचना	१,२२,९८,४०४.००	१,२२,९८,४०४.००	३,२२,७५४.००	३,२२,७५४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	३५,०५,०२४.००	३५,०५,०२४.००	१,०७,०९,८९०.००	१,०७,०९,८९०.००
३११३०	अन्य पूँजीगत खर्च	०	०	१,९९,८२७.००	१,९९,८२७.००
३११४०	सुरक्षा उपकरण	४९,२१,४००.००	४९,२१,४००.००	०	०
३११५०	सार्वजनिक निर्माण	१८,२३,१६,६१७.२८	१८,२३,१६,६१७.२८	२५,५४,०६,८१६.०२	२५,५४,०६,८१६.०२
ख)	कुल जम्मा भुक्तानी	५९,७४,४९,२३९.४१	५९,७४,४९,२३९.४१	६७,५३,४४,७४४.०४	६७,५३,४४,७४४.०४
ग)	बचत /कमी (ग = क-ख)	(८६,६३,२५२.४८)	(८६,६३,२५२.४८)	(३,१४,६६,४७४.४८)	(३,१४,६६,४७४.४८)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	४०,०६,२८७.८५	४०,०६,२८७.८५	३८,८८,१९१.६३	३८,८८,१९१.६३
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-२०३५७	-२०३५७		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(४६,५६,९६४.६३)	(४६,५६,९६४.६३)	(२,७५,७८,२८२.८५)	(२,७५,७८,२८२.८५)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	६,६८,६८,९६०.७३	६,६८,६८,९६०.७३	९,४४,४७,२४३.५८	९,४४,४७,२४३.५८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	६,२२,११,९९६.१०	६,२२,११,९९६.१०	६,६८,६८,९६०.७३	६,६८,६८,९६०.७३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । नगरपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४ **वित्तीय विवरणको यथार्थताः**

नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । नगरपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,५०,९१,३५७।८४ र स्वास्थ्य क्षेत्र सुधार विकास कार्यक्रमको रु.५,९५,०००।- तथा एकिकृत स्वास्थ्य तथा पूर्वाधार बिकास कार्यक्रमतर्फ रु २,३३,३१,९३९।९८ समेत रु.१४,९०,१८,२९७।८२ सुत्रमा अद्यावधिक गरेको छैन । साथै प्राप्ती र भुक्तानीको एकिकृत विवरणमा धरौटी र कोषहरुको चालु वर्षको कारोवार पूर्णरुपमा नदेखाई आम्दानी र खर्चको फरक रकम मात्र उल्लेख गर्ने गरेको देखियो । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्रमा सहि तरिकाले अद्यावधिक गरी वित्तीय विवरणलाई यथार्थपरक बनाउनुपर्दछ ।

५ **बैंक हिसाव विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातबिच देहायअनुसार रु.३२२८७४।३० फरक परेको छ:

खाताको विवरण	श्रेस्ता अनुसार बाँकी	बैङ्क स्टेटमेन्ट अनुसार	फरक
स्थानीय सञ्चित कोष	३८२३४६४८।८९	३८२३४६४८।८९	०
बिविध कोष खाता	१०५००००	१०५००००	०
बिबिध खर्च खाता	७७१८५६०।१८	७७१८५६०।१५	(०।०३)
धरौटी खाता	१२३८७००६।५५	१२३८७००६।५५	०
प्रकोप व्यबस्थापन कोष	३१४४६५४।८१	३१४४६५४।८१	०
आन्तरिक राजस्व खाता	(४६५२७.३३)	०	४६५२७।३३
स्थानीय विभाज्य कोष	(२५५९९०)	०	२५५९९०।-
चालु खर्च खाता	(१४११७)	०	१४११७।-
पुँजीगत खर्च खाता	(६२४०)	०	६२४०।-
जम्मा	**६२२११९९६।१०**	**६२५३४८७०।४०**	**३२२८७४।३०**

उक्त फरक परेको रकम सम्बन्धमा पालिकाले हिसाब मिलान गर्नुपर्दछ।

६ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले यस बर्ष स्रोत अनुमान तथा सीमा निर्धारण गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसारको बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.६७ करोड ८९ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

९ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१० **नीति तथा कार्यक्रमको कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्यिन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले नीति तथा कार्यक्रम २०८०।८१ मा तर्जुमा गरेका तपसिलका विषयहरु कार्यान्वयन गरेको देखिएन।

१. कृषि सेवातर्फ-कोही भोकै पर्दैनन् कोही भोकै मर्दैनन" "उत्पादन साथमा अनुदान हातमा" कार्यान्वयन नभएको,

२. पशु सेवा तथा पशुपंक्षीतर्फः Four pillar of livestock sector दुध, फलफुल, मासु, र अण्डाबाट नगरलाई आत्मनिर्भर बनाउने नीति, एक वडा एक पशु सेवा प्राविधिकहरुको व्यवस्थाको लागी जोड दिइने, उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वियन नभएको,

३. उद्योग तथा वाणिज्यतर्फः उपयुक्त स्थानमा उद्योग ग्राम स्थापना गर्नका लागि आवश्यक पर्ने जग्गा पहिचान र प्राप्ति गर्ने प्रक्रिया अगाडी बढाइने कार्यक्रम कार्यान्वियन नभएको,

४. पर्यटनतर्फः पर्यटन सूचना केन्द्र स्थापना र एकिकृत पर्यटन गुरुयोजना तर्जुमामा रु. ८ लाख विनियोजन भएको भएपनि कार्यान्वियन नभएको,

५. सहकारीतर्फः सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारीलाई आबद्ध गरिने

६. राजस्वतर्फः घरमै वसी राजस्व तिर्न सकिने अनलाइन सिस्टमको विकास गरिने, कर तिर्न अटेर गर्नेलाई दण्ड जरिवाना र नियमित कर तिर्नेलाई सम्मान र पुरस्कृत गरिने, नगरपालिकाको राजस्व सफ्टवेयरलाई सुत्रमा आबद्ध गरिने कार्यक्रम कार्यान्वियन नभएको,

७. रोजगार र बजार व्यवस्थापनतर्फः“ कृषि, पर्यटन र व्यापार सुरक्षित समृद्ध नगरको आधार” रोजगारका अवसर श्रृजना गर्न विशेष कार्यक्रम सञ्चालन गरिने, स्वरोजगार र बेरोजगारहरुको तथ्याङ्क संकलन गरी अवस्था विश्लेषण गरेर वेरोजगार व्यक्तीका लागी क्षमता विकास कार्यक्रम गरिने, रोजगार सेवाकेन्द्र मार्फत नगरपालिकाले नगरक्षेत्रभित्रका वेरोजगारहरुको नामावली संकलन गरी रोजगारीको अवसर श्रृजना गरिने कार्यक्रम कार्यान्वियन नभएको,

८. शिक्षा युवा र खेलकुदतर्फः

• "मेरो बालबालिकाका लागि गुणस्तरीय शिक्षा, चैनपुर नगरपालिकाका सामूदायिक विद्यालयहरुमा" भन्न् मूल नारालाई जोड दिइ कर्मचारी, शिक्षक, जनप्रतिनिधि र राजनैतिक नेतृत्व वर्ग र सर्वसाधारका लागी बालबालिकालाई सामूदायिक विद्यालयमा नै भर्ना हुन बिशेष प्रोत्साहित गरिने कार्य आशिंक कार्यान्वियन भएको ।

• पठनपाठन, अतिरिक्त क्रियाकलाप, परीक्षा सञ्चालन, विद्यालय शैक्षिक क्यालेण्डर तयार गरी लागु गरिनेमा शैक्षिक क्यालेण्डरको लागी २ लाख विनियोजन भएपनि कार्यान्वियन नभएको,

• सामाजिक अध्ययन विषयमा प्रयोगात्मक ज्ञानका निमित्त शैक्षिक भ्रमणका लागि विद्यालयलाई प्रोत्साहित गरिनेमा शैक्षिक भ्रमण अवलोकनका लागी रु.२ लाख ५० हजार विनियोजन भएपनि कार्यान्वियन नभएको,

• कार्यसम्पादन एवं गुणस्तर अभिबृद्धिका आधारमा विद्यालयलाई पुरस्कृत गरिने कार्यक्रम कार्यान्वियन नभएको

• आधारभुत तथा माध्यमिक सामुदायीक विद्यालयमा डिजिटल हाजिरी र सिसि टिभि जडान गरी दुर अनुगमनमा जोड दिइनेमा माविमा सिसिटिभि जडान रु. ५ लाख ६१ वटा सामुदायीक विद्यालय मध्ये ९ वटामा डिजिटल हाजिरी रहेको तर सिसि टिभि जडान गरी दुर अनुगमन नभएको

• एक वडा एक खेल मैदानलाई प्राथमिकता दिइनेमा ११ वडा मध्ये ३ र ५ नं वडामा मात्र कार्यान्वियन भएको,

• चैनपुर सार्वजनिक विद्यालय पुस्तकालय स्थापना गरिनेमा पुस्तकालय स्थापनाको लागी रु.१ लाख विनियोजन भएपनि कार्यान्वियन नभएको,

९. स्वास्थ्यतर्फः नगर क्षेत्रका तीनवटा बजारमा योग शिविर सञ्चालन, नुनढाकी स्वास्थ्य चौकी र बानेश्वर स्वास्थ्य चौकीमा ल्याब विस्तार गर्न प्रयत्न गरिने, चैनपुर अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरीने, प्रत्येक विद्यालयमा एकजना योग शिक्षक तयार गरिने,

१०. खानेपानी र सरसफाईतर्फः एक घर एक धारा खानेपानीको व्यवस्था कार्यक्रम कार्यान्वियन नभएको

११. सस्कृति प्रवर्द्धनतर्फः सबै जातजातिका पर्वहरुलाई व्यवस्थित गर्न नगरभित्रका धार्मिक मठमन्दिर गुम्बाको अभिलेख तयार गरिने कार्यक्रम कार्यान्वियन नभएको

१२. महिला बालवालिका जेष्ठ नागरीकतर्फः विपन्नसँग उपमेयर कार्यक्रम, हिंसा पिडितहरुको सहयोगको लागि कार्यविधि वनाई लैंङ्गिक हिसां निवारण कोष स्थापना गरिनेमा कोष स्थापना रहेको तर कार्यविधि नबनेको ।

१३. सडक तथा पूलतर्फः सडक सञ्जालले नछोएका वडाहरुमा पक्की सडक पुर्याउन प्राथमिकता दिनेमा वडा नं. १,९ र ११ मा नपुगेको,

१४. भवन तथा शहरी विकासतर्फः New Village Development कार्यक्रम मार्फत नगरपालिका क्षेत्र सुविधासम्पन्न गाउँ तथा एकीकृत बस्ती विकास कार्यक्रम संचालन गरिने कार्यक्रम कार्यान्वियन नभएको

१५. संचार तथा सूचना प्रविधितर्फः वेबमा आधारित नगर प्रोफाइल तर्जुमा कार्यक्रम कार्यान्वियन नभएको

१६. बन तथा भू-संरक्षणतर्फः नगरपालिकाको भु-उपयोग योजना तर्जुमा गरिने कार्यक्रम कार्यान्वियन नभएको

१७. फोहोरमैला व्यवस्थापनतर्फः वडा नं. ८,९,१०,११ क्षेत्रको फोहरमैला व्यवस्थापनको लागि खराङमै जग्गा प्राप्ति गर्ने उल्लेख भएकोमा जग्गा प्राप्ती गर्न बाँकी रहेको।

१८. सेवा प्रवाहतर्फः नगरपालिकाबाट प्रवाह गर्न सेवाहरु सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिक रुपमा सञ्चालन गरिनेमा सार्वजनिक सुनुवाई कार्यक्रमको लागी ४ लाख विनियोजन गरिएको तर सार्वजनिक सुनुवाई नभएको ।

१९. सुरक्षा व्यवस्थापनतर्फः नगरपालिका भित्र सबै शाखाउपशाखामा सिसि क्यामरा जडान गरिने कार्यक्रम कार्यान्वियन नभएको

२०. स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेखतर्फः नगरपालिका भित्रका सबै घरधुरीको बिस्तृत रुपमा तथ्याङ्क सङ्कलन कार्यक्रम कार्यान्वियन नभएको

२१. सुशासन प्रबर्द्धनतर्फः हेलो मेयर तथा मेयर एकिकृत घुम्ती सेवा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यक्रम कार्यान्वियन नभएको

२२. न्यायिक समितितर्फः इजलासको स्थापना गरिने कार्यक्रम कार्यान्वियन नभएको

२३. भूमीहिन सुकुम्बासी व्यवस्थापनतर्फः नगरपालिका भित्र बसोवास गर्ने भूमिहीन सुकुम्बासी भूमिहिन दलित नागरिकलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिने कार्यक्रम कार्यान्वियन नभएको

नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वियन गर्नुपर्दछ ।

११ योजना प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल २६८ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	बजेट रकम हजारमा
१.	१ लाख भन्दा कमका योजना	४१	२८८६
२.	१ लाख देखि ५ लाख सम्मा कमका योजना	१९३	४०७१०
३.	५ लाख देखि १० लाख सम्मका योजना	२०	१६४५८
४.	१० लाख देखि ५० लाख सम्मका योजना	५	१२३५६
५.	५० लाख भन्दा बढीका योजना	९	१०३१३
	जम्मा	२६८	

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१२ क्षेत्रगत बजेट र खर्चः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको आ ब २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति (संसोधन समेत) देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	४०९१०	३६५५८	६.१०
२	सामाजिक विकास	३६०३८२	३१३१०३	५२.४४
३	पूर्वाधार विकास	१७००४३	१५९०८१	२६.६२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२८००	१६४७	०.२७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च	११३२८७	८७०५७	१४.५७
जम्मा		**६८७४२४**	**५९७४४९**	१००

उल्लिखित विवरणअनुसार नगरसभाले सामाजिक विकासमा सबैभन्दा बढी ५२.४२ प्रतिशत, पूर्वाधार विकासमा २४.७३ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च १६.४७ प्रतिशत, आर्थिक विकासमा ५.९५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि ०.४० प्रतिशत मात्र बजेट विनियोजन गरेकोमा कूल विनियोजित बजेटको ८७ प्रतिशत खर्च भएको देखियो।कूल खर्चमध्ये सबैभन्दा बढी ५२ प्रतिशत सामाजिक विकासमा र सबैभन्दा घटी ०.२७ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा खर्च गरेको देखियो।प्रशासनिक खर्चमा नियन्त्रण गर्दै आर्थिक विकास एवं पूर्वाधार विकासका माध्यमबाट गरिबी निवारणमा योगदान हुने एवं सुशासन प्रवर्द्धन हुने क्षेत्रमा बजेट विनियोजनलाई केन्द्रीत गरी सो अनुसार खर्च हुने प्रबन्ध मिलाउनु पर्दछ।

१३ खर्च बिश्लेषणः

नगरपालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.१,६१,४३,५४४।१३ राजस्व बाँडफाँट र अनुदानबाट रु.५७,२६,४२,४४२।८० समेत रु.५८८७८५९८६।९३ आम्दानी भएकोमा चालु तर्फ रु.३९,४४,०७,७९४।१३ र पूँजिगत तर्फ रु.२०,३०,४१,४४५।२८ समेत रु.५९,७४,४९,२३९।४१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,१४,७७,६७०/- खर्च भएको छ जुन आन्तरिक आयको ७१ प्रतिशत रहेको छ। नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.८७ प्रतिशत चालु र ३५.४६ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

१४ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन । जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको छैन ,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको देखिएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गर्ने गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको छैन,

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएतापनि सुत्र र राजस्व व्यवस्थापन सफ्टवेयर प्रयोगमा ल्याएको छ,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको देखिएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको देखिएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

उल्लिखित कमी कमजोरीहरुमा सुधार गरी पालिकाले सबल आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्दछ ।

१५ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले यस बर्ष गरेको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गरेको पाईएन।तसर्थ कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१६ **प्रगति विवरणः**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा यस बर्ष सञ्चालन गरेका स्थानीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।पालिकाले बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्ने व्यबस्थाको पालना गरी पालिकाले तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ ।

१७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च हजारमा				आषाढ महिनाको खर्च
		प्रथम खर्च	दोस्रो खर्च	तेस्रो खर्च	चौंथो खर्च	
पुँजीगत खर्चतर्फ	२०३०४१	१३३३०	१७४९५	५५४०९	११६८०७	४९८४९
	प्रतिशत	६.५६%	८.६२%	२७.३०%	५७.५२%	२४.५५%

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२० करोड ३० लाख ४१ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा ६.५६ प्रतिशत, दोस्रो त्रैमासिकमा रु ८.६२ प्रतिशत , २७.३ प्रतिशत र चौथो त्रैमासिकमा रु ५७.५२ प्रतिशत खर्च गरेको देखिएको छ । उक्त खर्च मध्ये आषाढ महिनामा मात्र २४.५५ प्रतिशत खर्च भएकोले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१८ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद ,दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष सम्म फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको, यो वर्ष ७ बिवाद दर्ता भएकोमा ५ वटा फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१९ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म २४ वटा ऐन, ५ नियमावली २९ कार्यविधि २ निर्देशिका २ आचारसंहिता ४ मापदड लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । निर्माण भएका सम्पूर्ण कानुनहरु राजपत्रमा प्रकाशन गरी पूर्ण रुपमा कार्यान्वियन हुनुपर्दछ ।

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२१ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष घरवाटो सिफारिश १० बडाको ३६४, नागरिकता सिफारिस प्रतिलिपी समेत १२१६,नाता प्रमाणित,जन्म तथा मृत्यु दर्ता लगायत अन्य सिफारिस २३०७ गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले विवाह दर्ता, सम्वन्ध विच्छेद पञ्जीकरण दर्ता तथा पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत बनाएको छैन।ऐन बमोजिम कानून बनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२२ **आर्थिक सहायताः**

नगरपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। नगरपालिकाले बिपन्न नागरिकलाई आर्थिक सहायता बितरण सम्बन्धी कार्यबिधि,२०८० नगर कार्यपालिककबाट २०८०।६।१९ मा स्वीकृत गरी यस बर्ष विभिन्न संघसंस्था र व्यक्तिहरु गरी ३३ जनालाई प्रति व्यक्ति १० हजार र १५ हजार का दरले रु.९,१०,९४२/- आर्थिक सहायता वितरण गरेको छ ।

२३ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२०,३०,४१,४४५।२८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२४ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ।तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।पालिकाले ठेक्काबाट सम्पन्न गरेको योजनाको ठेक्का सम्बन्धी विल भुक्तानी गर्दा कुल अद्यावधिक भएको परिमाणको नापी किताब नराखी भुक्तानी भएका विलको मात्र नापी राख्ने र अन्तिम बिल भुक्तानीमा पनि अद्यावधिक कामको नापी किताब अद्यावधिक गरेको पाइएन । सम्पन्न भएका कामको अन्तिम बिलमा भेरियसबाट भुक्तानी भएको परिमाण समेत अद्यावधिक गरेको पाइएन। जसले गर्दा योजनाको कुल कति काम भयो भन्न सकिदैन । नगरपालिकाले विवरण अद्यावधिक गर्नुपर्दछ ।

२५ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ।लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन।प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन।यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२६ **संम्भाव्यता अध्ययन / डी पी आरः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (९) मा प्रतिश्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नु पर्ने व्यबस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा बिभागीय जनशक्तिले संभव नहुने बिषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले संभाव्यता अध्ययन, अध्ययन प्रतिबेदन लगायतमा गत बर्ष सम्म निम्नानुसार कार्यमा रु.१,१९,५५,१९० /- खर्च गरेको छ भने यस बर्ष संम्भाव्यता अध्ययन / डी पी आर कार्यमा खर्च भएको छैन।यसरी डी पी आर गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, बिभागिय जनशक्तिको परिचालन जस्ता पक्षमा बिश्लेषण गरेको छैन । यस्ताडी पी आर तथा संम्भाव्यताअध्ययन प्रतिबेदन खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि बजेट व्यबस्था गरेर कार्यान्वियनमा जाने बिषयमा समेत कार्यक्रमले ध्यान पुर्याएको छैन। पालिकाबाट प्राप्त बिबरण अनुसार संम्भाव्यता अध्ययनमा भएको खर्च यसप्रकार छ।

आ.व.	कार्यक्रमकोनाम	खर्च रकम	आयोजना कर्यान्वयन स्थिति
१	पोखरी कोक्सा-कोक्सा वतासे मैदाने माथिल्लो बाटो र खराङ्ग साँलडाडादेखि भोजपुर जोड्ने सडकको डिपिआर	१९९२१९०।-	आ व २०७९/०८० मा कार्यान्वयनमा गएको
२	पोखरी कोक्सा-मैदानेदेखि मंगलचौक र खराङ्ग लेवारिङ्गदेखि पिलुवाखोला सडकको विस्तार	१९९२१९०।-	आ व २०७९/०८० मा कार्यान्वयनमा गएको
३	चैनपुर नगरपालिकाको भर ीका जग्गा वर्गिकरण	१४९७२५०।-	आ व २०७९/०८० मा कार्यान्वयनमा गएको
४	अरुण,सभा,हेवा,र पिलुवा नदीमा आईई	१९९४४५०।-	आ व २०७९/०८० मा मात्र कार्यान्वयनमा गएको
५	चैनपुर नगरपालिकाको सडक गुरु योजना **MTMP** वापतको डिपिआर	१९९६७१०।-	कार्यान्वयनमा नगएको
६	नगरपालिका अफिस भवन डिटेल प्रोजेक्ट डिपिआर	१९९४४५०।-	कार्यान्वयनमा नगएको
७	पेरियोडिक डेभलपमेन्ट प्लान	४८७९५०।-	कार्यान्वयनमा नगएको
	जम्मा	११९५५१९०।-	

उल्लिखित विवरण अनुसार ४ वटा योजनाहरु आ व २०७९/०८० मा कार्यान्वयनमा आएतापनि अन्य ३ डिपिआर एवं अध्ययनको उपयोग भएको देखिएन । साथै नगरपालिकाले यसरी खरिद गरेका संम्भाव्यता अध्ययन / डी पी आर प्रतिबेदनहरु कार्यालयको जिन्सी आम्दानीको रुपमा पाम्समा दाखिला गरेको छैन। यस्ता अध्ययन गर्दै जाने, प्रतिबेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

२७ **सफ्टवेयर खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान,खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यबस्था छ। नगरपालिकाले देहायका सफ्टवेयरको खरिदमा रु.१४५५००० ।- तथा मर्मतमा रु.१२८९००।- समेत यस वर्षसम्म रु.१५८३९००।- खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आबश्यकता लागत अनुमान त्यसको पूर्ण प्रयोग उक्त सफ्टवेयर सञ्चालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयरको सञ्चालनमा समेत आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्शदाता माथि निर्भर रहनुपर्ने अवस्था विद्यमान छ । तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययीता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

क्र.सं.	सफ्टवेयरको नाम	खरिद गरेको वर्ष	खरिद मूल्य	यो वर्षको मर्मत सम्भार खर्च
१	एकीकृत सम्पती कर सङ्कलन प्रणाली	२०७५/०७६	१७५०००	४८२००
२	योजना व्यवस्थापन प्रणाली	२०७६/०७७	२५००००	८०७००
३	दर्ता चलानी	२०७७/०७८	१५००००	०
४	सिफारिस पत्र जारी गर्ने प्रणाली	२०७७/०७८	१५००००	०
५	अपाङ्गता तथा जेष्ठ नागरिक परिचयपत्र व्यवस्थापन प्रणाली	२०७८/०७९	२५००००	०
६	एकीकृत पालिका सूचना व्यवस्थापन प्रणाली(व्यवसाय व्यवस्थापन प्रणाली, न्यायिक समिति व्यवस्थापन प्रणाली,विपत तथा राहत व्यवस्थापन प्रणाली)	२०७९/०८०	४८००००	०
	जम्मा		१४५५०००	१२८९००

२८ **दरबन्दी र पदपूर्तिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।विभिन्न पदमा २१ वटा दरवन्दि रिक्त रहेको देखिन्छ । यसरी आवश्यक पदमा कर्मचारी पदपुर्ति हुन नसक्दा कार्यालयको कार्यसञ्चालनमा बाधा पर्न सक्ने भएकोले स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरु पदपूर्ति गर्ने वा दरवन्दी पुनरावलोकन गर्ने सम्बन्धमा तालुक निकायको ध्यान जानुपर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३(८)मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैचे, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली र सरसफाइ सम्वन्धि पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिनुपर्ने र सो वाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन । पालिकाले उल्लेखित पदमा करारमा नियुक्त गरी करार सेवा वापतको पारीश्रमिक रु. १,२९,५५,४२१.०० भुक्तानी गरेको पाइयो । सेवा करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

सि.नं.	पद	तह	सेवा	दरबन्दी	पदपुर्ति स्थायी	करार	घटी/बढी
१	प्रमुख प्रशासकिय अधिकृत	१०	प्रशासन	१	१		०
२	अधिकृत	९।१०	शिक्षा	१			१
३	सिडिई	९।१०	इन्जिनियर	१			१
४	अधिकृत	७।८	प्रशासन	१	१		०
५	लेखा अधिकृत	७।८	प्रशासन	१			१
६	अधिकृत	७।८	शिक्षा	१	१		०
७	जनस्वास्थ्य अधिकृत	७।८	स्वास्थ्य	१			१
८	इन्जिनियर	७।८	इन्जिनियर	१			१
९	इन्जिनियर	6	इन्जिनियर			१	-१
१०	अधिकृत	६	प्रशासन	२	१		१
११	आलेप सहायक	५	प्रशासन	१	१		०
१२	पहेन	५।६	स्वास्थ्य	१			१
१३	हेल्थ असिस्टेन्ट	५।६	स्वास्थ्य	१			१
१४	सहायक	५	प्रशासन	५	३	२	०
१५	लेखापाल	५	प्रशासन	१	१		०
१६	कम्प्यूटर अपरेटर	५	विविध	१	१		०
१७	प्रा.स.	५	शिक्षा	१	१		०
१८	सव-इन्जिनियर	५	इन्जिनियर	२	२		०
१९	महिला विकास निरिक्षक	५	विविध	१			१
२०	अमिन	४	इन्जिनियर	१	१		०
२१	सहायक	४	प्रशासन	२	५	५	-८
२२	सह-लेखापाल	४	प्रशासन	१	१		०
२३	सहायक महिला वि. नि.	४	विविध	१	१		०
२४	हेभी सवारी चालक					१	-१
२५	एम्बुलेन्स चालक					१	-१
वडातर्फ							०
२६	सहायक	५	प्रशासन	५			५
२७	सव-इन्जिनियर	५	इन्जिनियर	५	१	१	३
२८	सहायक	४	प्रशासन	६		६	०
२९	अ.सव-इन्जिनियर	४	इन्जिनियर	६	५	१	०
३०	कार्यालय सहयोगी		-		३	११	-१४
पशुतर्फ							
३१	अधिकृत	७।८	भेटेरीनरी	१	१		०
३२	सहायक	५	भेटेरीनरी	४	४		

३३	सहायक	४	भेटेरीनरी	४	३		१
कृषितर्फ							
३४	अधिकृत	७।८	कृषि	१			१
३५	सहायक	५	कृषि	२			२
३६	सहायक	४	कृषि	१		२	-१
जम्मा				६४	३४	३१	

२९ तलबी प्रतिवेदन पारितः

निजामती सेवा ऐन २०४९ को दफा ७(ख)२ बमोजिम जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पास नगरी तलव खुवाउन नहुने र निजामती सेवा ऐन २०४९ को दफा २७(३) बमोजिम प्रत्येक निजामती कर्मचारीले एक वर्ष पुरा गरे पछि तोकिएबमोजिमको रकम बृद्धि पाउने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकातर्फ स्थायी १९ कर्मचारीलाई पारित तलवी प्रतिवेदन वेगर रु.२,३०,२९,३३९ तलव भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको हुनाले तलव र ग्रेड रकम भिडान हुन सकेन । तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा दरबन्दी भन्दा बढी कर्मचारीको तलव खर्च र ग्रेडको रकम भुक्तानी हुन सक्ने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्दछ ।

३० दरबन्दीमा नरहेका करारः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३(८)मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैचे, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली र सरसफाइ सम्वन्धि पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिनुपर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने उल्लेख छ । पालिकाले उल्लिखित दरवन्दी नरहेका पदमा करारमा नियुक्त गरी करार सेवा वापतको पारीश्रमिक रु.३७,९४,५९६ भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरित कर्मचारी नियुक्त गरी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

सिं.नं.	पद	तह	सेवा	दरबन्दी	पदपुर्ति		बढी	तलव स्केल	वार्षिक रु.
					स्थायी	करार			
१	सहायक	४	प्रशासन	८	५	११	८	३०२००	३१४०८००
२	हेभी सवारी चालक		०	०	०	१	१	२७६१२	३५८९५६
३	सहायक	४	कृषि	१		२	१	२२६८०	२९४८४०
	जम्मा							८०४९२	३७९४५९६

अनियमित भएको	३७,९४,५९६

३१ पालिकाको कोष

३१.१ (४९४/२०८१-३-२२):

कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन सञ्चालन तथा सेवा शर्त सम्बन्धमा बनेको ऐन, २०८० को दफा ५७(७) अनुसार स्थानीय सरकारी सेवाका कर्मचारीहरुको लागि प्रदेशमा निवृत्तभरण तथा उपदान प्रयोजनको लागि एक छुट्टै कोष रहने र त्यो कोष सञ्चालन गर्ने व्यवस्था तोकिए बमोजिम हुने उल्लेख छ । कर्मचारी कल्याणकोष व्यवस्थापन प्रयोजन ग२-७ विविध खर्च खाता खोली राजस्व बाडफाट-संघीय सरकारको बजेट शिर्षकबाट रु.२९,१०,९०६.०० जम्मा गरिएको छ । कर्मचारी कल्याणकोष व्यवस्थापन प्रयोजनको लागी कार्यविधि तयार गरेको छैन । कर्मचारी कल्याणकोष व्यवस्थापन प्रयोजनको लागी कार्यविधि तयार गरी सोही अनुसार रकम जम्मा गर्ने तथा खर्च गर्नुपर्दछ ।

३१.२ (४९३/२०८१-३-२२):

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम ऐनको अधिनमा रहेर आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने, बनाइएको कानून राजपत्रमा प्रकाशन गर्नुपर्ने, कुनै कानून राजपत्रमा प्रकाशन नभएसम्म लागु नहुने कुरा उल्लेख छ । पालिकाले प्रकोप व्यवस्थापन प्रयोजन खाता खोली राजस्व बाडफाट-संघीय सरकारको बजेट शिर्षकबाट रु.१०,००,०००.०० जम्मा गरेकोमा प्रकोप व्यवस्थापन प्रयोजनको लागी कार्यविधि तयार गरेको देखिदैन । कार्यविधि तयार नगरेसम्म कोषको रकम सञ्चालन गरी खर्च गर्ने मिल्ने देखिदैन । प्रकोप व्यवस्थापन प्रयोजनको लागी कार्यविधि तयार गरी सोही अनुसार रकम जम्मा गर्ने तथा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३२ सम्पत्ति उपयोग र संरक्षण

३२.१ आर्थिक कार्याविधि नियमावली २०७७ को नियम १०५ (२) अनुसार नगदी जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नुपर्ने, जिन्सी मालसामान बुझिलिने कार्यालयले जिन्सी खातामा आम्दानी बाँधी सम्वन्धित कार्यालयलाई जानकारी दिनुपर्ने र बुझिलिने कार्यालयबाट आम्दानी बाँधेको जानकारी प्राप्त भएपछि साविक कार्यालयले सम्पत्ति तथा जिन्सी मालसामानको लगत कट्टा गर्नुपर्ने उल्लेख छ । नमुना परीक्षणको रुपमा ELMIS System परीक्षण गर्दा तपसिलका स्वास्थ्य संस्थामा हस्तान्तरण भएका औषधिहरु सम्वन्धित स्वास्थ्य संस्थामा दाखिला भएको प्रमाण वेगर खर्च जनाएको छ । पालिकाबाट हस्तान्तरण भएका औषधिहरु सम्वन्धित स्वास्थ्य संस्थामा दाखिला भएको प्रमाण पेश भएको आधारमा खर्च प्रविष्ट गर्नुपर्दछ ।

सि.नं.	हस्तान्तरण भएको संस्था	हस्तान्तरण भएको मिति	निकासी परीमाण
१	प्याङ्कोट शहरी स्वास्थ्य केन्द्र	२०८१ आषाढ ३१	३ किसिमका ४ परीमाण
२	लोहाकोट सामुदायीक स्वस्थ्य इकाई	२०८१ जेठ २७	३० किसिमका ६५५० परीमाण
३	गुफापोखरी शहरी स्वास्थ्य केन्द्र	२०८१ जेठ ३०	१६ किसिमका २७० परीमाण
४	सत्तारी शहरी स्वास्थ्य केन्द्र	२०८१ जेठ २७	४० किसिमका ८६२६ परीमाण
५	चापाभाई शहरी स्वास्थ्य केन्द्र	२०८१ जेठ २७	३३ किसिमका ६००९ परीमाण
६	चापाभाई शहरी स्वास्थ्य केन्द्र	२०८१ आषाढ ३१	३४ किसिमका ५५२५ परीमाण

३२.२ **जिन्सी सामान ल्यापटपको अद्यावधिक स्थितीः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ (४) अनुसार कुनै कर्मचारीको जिम्मा रहेको सरकारी सम्पत्ति हिनामिना नहुने गरी लगत श्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। PAMS प्रणालीमा देखिएको मौज्दात स्थिती, पदाधिकारी तथा कर्मचारीलाई व्यक्तिगत सहायक खातमा बुझाएको विवरण, स्टोरमा नै भौतिक रुपमा रहेको परिमाण गणना गर्दा मौज्दातमा भएको परिमाण भन्दा घटी परिमाण रहेको देखियो । PAMS प्रणालीमा देखिएको मौज्दात ७९ परिमाण रहेकोमा पदाधिकारी तथा कर्मचारीलाई बुझाएको परिमाण ३७ र स्टोरमा भौतिक रुपमा १६ मौज्दात रहेको देखियो । सिस्टममा देखिएको परीमाण भन्दा २६ वटा परिमाण घटी देखिएको छ । उक्त मालसामान भौतिक रुपमा कार्यालयमा नहुनुको कारण पहिचान गरी भण्डार प्रमुखलाई जिम्मेवार बनाई जिन्सी मालसामान व्यवस्थित गराउनुपर्दछ ।

३२.३ **औषधिको मौज्दात विवरणः** ELMIS सिस्टम अनुसार पालिकाको लागी ५ महिनाको लागी चाहिने अधिकतम औषधि (ASL) र एक महिनाको लागी चाहिने आकस्मिक औषधि (EOP) अनुसार स्वास्थ्य संस्थामा औषधि मौज्दातमा हुनुपर्दछ । ELMIS सिस्टम अनुसार मौज्दात परीक्षण गर्दा कुनै ५ महिनाको लागी चाहिने अधिकतम औषधि (ASL) भन्दा पनि बढी परिमाणमा र कुनै औषधिहरु ५ महिनाको लागी चाहिने अधिकतम औषधि (ASL) भन्दा पनि कम परिमाण अर्थात शून्य परिमाणमा मौज्दात रहेको देखियो । एक

महिनाको लागी चाहिने आकस्मिक औषधि उपलव्ध नहुदा स्वास्थ्य उपचार असर पर्ने हुनाले आवश्यक औषधि उपलव्ध गराउने र अनावश्यक औषधी खरिदमा नियन्त्रण गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ ।

S.N.	Particular	ASL	EOP	Available	percentage
		अधिक औषधी मौज्दातको विवरण			
१	ferrous sulphate + folic acid	38202	19101	114300	299
२	condom	2760	1380	36370	1318
३	vitamin B complex	7302	3651	17300	237
४	calcium + vitamin D3	3250	1950	16800	517
५	Syring 3ml	10	54	5800	6444
६	Syring 5ml	918	99	400	202
७	thermometer digital	90	6	41	410
८	paracetamol 500mg	96632	8316	61870	420
९	Amlodipine 5mg	2700	1350	7500	278
	Total	71144	35907	268389	299
		आवश्यक औषधी मौज्दात नभएको विवरण			
1	Dep	1130	678	0	
2	Cipro eye drop	500	300	0	
3	Calcieum 500mg	17940	10764	0	
4	Azithromycin 250mg	3762	1881	0	
5	Oxytocinsiv injection	912	456	0	
6	Surgical Gloves	2500	1500	0	
7	Green cloth	1000	600	0	
8	Clotrimazole cream 15g	345	207	0	
9	Examination Gloves	22500	13500	0	

३२.४ **जिन्सी निरीक्षण प्रतिवेदन-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ अनुसार कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति

गठन गरी सो समितीबाट निरीक्षण गरी गराई महालेखापरिक्षकबाट स्वीकृत ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ को जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको देखिदैन । जिन्सी निरीक्षण नगरेको कारणले पालिकाको जिन्सी मालसामान हिनामिना हुन सक्ने तथा संरक्षण तथा सम्वर्द्धन हुन नसक्ने जोखिम बढने देखिन्छ । बर्षको एकचोटी जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिने कार्य गरिनुपर्दछ ।

३२.५ **जिन्सी सामानको मूल्य-** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ अनुसार जिन्सी मालसामानको परिमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कानुन अनुसार मूल्य निर्धारण समिति गठन गरेर मूल्य निर्धारण गर्नुपर्नेमा रु.१ मूल्य राखी गरी इन्ट्री गरेको देखिन्छ । जिन्सी किताबमा मूल्य रु.१ राखी इन्ट्री गरेका सम्पूर्ण मालसामानको वास्तविक मूल्य निर्धारण गरी जिन्सी खातामा अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्दछ ।

सि.नं.	मालसामानको नाम	परीमाण	रकम
१	ल्यापटप	३	३
२	डेस्कटप कम्प्यूटर	३	३
३	काठको टेवल	६	६
४	स्टील दराज	१	१
५	प्रिन्टर	३	३

३३ **जिन्सी खातामा दाखिला हुनुपर्ने** (४३२/२०८१-३-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्ले छ । सिंहदेवी मा.वि., नुनढाकी विद्यालयहरुले जिन्सी मालसमान सामाग्री निर्माण गरिएका बेन्च-१५, कम्प्यूटर टेवल-१५ खरिद गरी रु.२,६०,०००.०० भुक्तानी गरेको देखिन्छ । उक्त मालसामानहरु विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश नभएकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,६०,०००

३४ **म्याद ननाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्षसम्म २ निर्माण व्यवसायीलाई उपलब्ध गराएको रु. २,६८,०८,९२२।- पेश्की फर्स्यौट हुन बाँकी रहेको देखियो । पेश्कीको म्याद आर्थिक वर्षको अन्तसम्म ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत अभिलेखाङ्कन गरी फर्स्यौट गर्न बाँकी रहेको पेश्की रकम नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

सि नं	गो. भौ. नं. पेश्की लिएको मिति	ठेक्का नं	पेश्कीको विवरण	पेश्की लिने फर्म वा कम्पनीको नाम	म्याद ननाघेको
१	२७।२०८०/०९/१९ र ३७। २०८०/०९/२४	CM/NCB/W/03/080/81	खराङ हात्तीसुडे सडक निर्माण	काका निर्माण सेवा	४०,०८,९२२।-
२	पेस्की अल्या भौचर ४।२०८१।३।२३	CM/NCB/W/09/077/78	१५ शैया अस्पताल निर्माण	स्वामी नारायण बिनायक जे .भी	२,२८,००,०००।-
	जम्मा				२६८०८९२२।-

३५ व्यवसाय करः

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५८ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था छ ।आर्थिक वर्ष २०८०।८१ मा नया दर्ता ७५ समेत जम्मा ६६६ व्यवसाय दर्ता भएको देखिन्छ । यस वर्ष व्यवसाय रजिष्ट्रेसन दस्तुर वापत रु ३९५७८० आम्दानी भएको देखिन्छ । नमूना परीक्षणको रुपमा दर्ता भएका व्यवसायहरु मध्ये २०८०।८१ सम्म नविकरण भएका र नभएका सम्बन्धमा परीक्षण गर्दा तोकिएको अवधिभित्र नविकरण नभएको देखियो । नविकरण नभएका व्यवसायी पहिचान गरी तोकिएको म्यादभित्र नविकरण नगर्ने व्यवसायीलाई नियमानुसार कारवाही गरिनुका साथै तपसिलको व्यवसाय कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सि.नं.	व्यवसायको नाम	दर्ता मिति	दर्ता नं.	करदाताको नाम	आर्थिक वर्ष	करको दर	रकम जरिवाना समेत
१.	पुर्वी कृषि तथा पशुपालन फर्म	६/११/२०७७	६६	विदुर भण्डारी -१०-३४-००३६	०८०/८१	१५००	१५००
२.	गिता कृषि तथा पशुपक्षी फर्म	६/११/२०७७	६०	गोविन्द बहादुर अधिकारी -१०-०८-००३९	०७८/७९-०८०/८१	१५००	५१००
३.	कार्की किराना तथा चिया पसल	६/१३/२०७७	६८	शान्ता राई कार्की -१०-३६-०००८	०८०/८१	१०००	१०००
४.	अधिकारी कृषि तथा पशुपालन फार्म	६/१३/२०७७	७२	चन्द्र वहादुर अधिकारी -११-११-००१८	०७९/८०-०८०/८१	१०००	३३००
५.	न्यू मनकामना सुनचादी पसल	६/१५/२०७७	६१	दिल बहादुर विश्वकर्मा -१०-२३-००५२	०८०/८१	२०००	२०००
६.	वालावेशी कृषि तथा पशुपालन फर्म	६/१६/२०७७	३९	मान बहादुर तामाङ -०६-३०-००१५	०७९/८०-०८०/८१	१५००	३३००
७.	चामिल्ङ कृषि तथा पशुपालन फर्म	२/२८/२०७५	६७	सुवास राई -१०-३५-००७२	०७९/८०-०८०/८१	१५००	३३००
८.	खनाल कुखुरा पालन तथा फ्रेस हाउस	६/१९/२०७७	४५	विष्णु प्रसाद खनाल -०६-३४-००२८	०७८/७९-०८०/८१	२०००	६८००
९.	जित फ्रेस हाउस	६/१९/२०७७	५५	जित वहादुर विसंखे सार्की -०७-१३-०००९	०७८/७९-०८०/८१	२०००	६८००
१०.	अरुण कुखुरा पालन व्यावसाय फर्म	६/१९/२०७७	७०	गजेन्द्र बहादुर कटुवाल -११-०८-००४४	०८०/८१	२०००	२०००
११.	शाक्य पिक एण्ड पेमिट पसल	६/२०/२०७७	४६	संगम शाक्य -०६-३५-००६८	०७८/७९-०८०/८१	२०००	६८००
१२.	चैनपुर लिक्यूड सप	६/२०/२०७७	४७	सविन वस्नेत -०६-३५-००७०	०७९/८०-०८०/८१	२०००	४४००
१३.	सोनम एण्ड ब्रदर्श	६/२०/२०७७	२४	गणेश उदाश -०६-०८-००१२	०७९/८०-०८०/८१	२०००	४४००
१४.	स्वस्ती सिम्रन भोजपुरे सुनचाँदी पसल	६/२०/२०७७		सोनम उदास -०६-३५-००७२	०७९/८०-०८०/८१	२०००	४४००
१५.	मकालु ग्रिल उधोग तथा मोटर पार्टस सप्लायर्स	६/२१/२०७७	५७	लाक्चुङ शेर्पा -०७-३३-००३१	०८०/८१	३०००	३०००
१६.	मिनु आइरन स्टोर्स	६/२१/२०७७	४०	मिनु शेर्पा -०६-३०-००२०	०८०/८१	३०००	३०००
१७.	मिनु स्टोर	६/२१/२०७७	४१	मिनु शेर्पा -०६-३०-००२०	०८०/८१	२०००	२०००
१८.	कमल राइस मिल	६/२३/२०७७	४	कमल अधिकारी -०२-०६-००६१	०७८/७९-०८०/८१	२०००	६८००
१९.	जलकन्या बाख्रा पालन फर्म	६/२५/२०७७	६२	भोलामान राई	०७९/८०-०८०/८१	१५००	३३००

				-१०-२९-०००९			
२०.	जय सिद्धकाली कृषि तथा पशुपालन	६/२६/२०७७	६५	युवराज कटुवाल -१०-३१-००२१	०७९/८०-०८०/८१	१५००	३३००
२१.	सिद्धकाली फ्रेस हाउस तथा पोल्ट्री	७/२/२०७७	९	धर्म राज कटुवाल -०३-२४-०००५	०७९/८०-०८०/८१	२०००	४४००
२२.	श्रीजल कम्यूनिकेशन एण्ड रेडिमेड सेन्टर	७/३/२०७७	२८	चुडा बहादुर कटुवाल -०६-११-००२०	०७८/७९-०८०/८१	२०००	६८००
२३.	गयालक्ष्मी फर्निचर उधोग	७/१७/२०७७	२५	गणेश श्रेष्ठ -०६-०८-००४७	०७८/७९-०८०/८१	२०००	६८००
२४.	गौरव एण्ड गृष्मा कृषि तथा पशुपालन फर्म	७/१७/२०७७	७१	गिता पौड्ल कार्की -११-०८-००४५	०७८/७९-०८०/८१	१५००	५१००
२५.	सगुन टेलर्स	७/२०/२०७७	८	कृष्णा कुमारी गुरुङ्ग -०३-०६-००२६	०७८/७९-०८०/८१	१०००	३४००
२६.	संखुवासभा नुनढाकी सुनचाँदी पसल	१२/२३/२०७७	१३	विजय कुमार विश्वकर्मा -०३-३४-००४५	०८०/८१	२०००	२०००
२७.	पि एण्ड पि होटेल	८/११/२०७७	१४	आकाश बुढाथोकी -०४-०१-००४६	०७८/७९-०८०/८१	५०००	१७०००
२८.	पाँचखपन वाईक टेम्पो मर्मत सेवा	८/१५/२०७७	२	राम कुमार न्यौपाने -००-३२-०१८१	०७८/७९-०८०/८१	३०००	१०२००
२९.	दलपे बङगुर फारम	८/१७/२०७७	१२	राम कुमार लिम्वु -०३-३२-००४४	०७८/७९-०८०/८१	१५००	५१००
३०.	कविता बंगुर पालन ब्यवसाय फर्म	८/२१/२०७७	२३	कविता लिम्बु फागो -०६-०६-००६१	०७९/८०-०८०/८१	१५००	३३००
३१.	मामा भान्जा ईलेक्ट्रीक पसल	८/२२/२०७७		राज कुमार राई -०६-३२-००५८	०७९/८०-०८०/८१	२०००	४४००
३२.	निशान सप्लायर्स	८/२२/२०७७		पेम छेतर सेर्पा -०६-२६-००५४	०८०/८१	६०००	६०००
३३.	सफल भेराइटी तथा शाक्य डिजिटल फोटो स्टुडियो	८/२४/२०७७		विनोद शाक्य -०६-३४-००२९	०७८/७९-०८०/८१	२०००	६८००
३४.	लक्ष्मी अटो ट्रेड	८/२९/२०७७	८१	केदार श्रेष्ठ -०७-०६-००७२	०७९/८०-०८०/८१	२०००	४४००
३५.	याङसीजुङ होटल एण्ड लज	८/२९/२०७७	८२	मिङमा शेर्पा -०१-३०-००८२	०७९/८०-०८०/८१	५०००	१७०००
३६.	जलजले इङ्गलिस स्कुल	९/१/२०७७	८५	जलजले इङ्गलिस स्कुल -०५-१३-००११	०७८/७९-०८०/८१	३०००	१०२००
३७.	न्यू कालो वंगुरपालन फर्म	९/५/२०७७	९६	श्री दुर्गा माया तामाङ -०६-३६-००२८	०७८/७९-०८०/८१	१५००	५१००
३८.	पि एस सप्लायर्स	९/६/२०७७	९९	संगिता भण्डारी -०६-३५-००७७	०८०/८१	६०००	६०००

३९.	आयुषा खाजा घर	९/२७/२०७७	११४	सावित्रा कठेत कार्की -०६-३५-००८५	०७८/७९-०८०/८१	२०००	६८००
४०.	शुभ होटल एण्ड लज	१०/६/२०७७	११९	सिजन श्रेष्ठ -०६-३५-००७८	०८०/८१	५०००	५०००
४१.	गणेश फर्निचर उधोग	१०/८/२०७७	१२१	जित बहादुर श्रेष्ठ -०६-१३-०००२	०७७/७८-०८०/८१	२०००	९२००
४३.	राज खाजा घर	१०/१४/२०७७	१२५	बिना न्यौपाने कार्की -०६-२८-००२६	०७८/७९-०८०/८१	२०००	६८००
४३.	अधिकारी अलैंची फर्म तथा ख.वि.कारोवार	१०/२८/२०७७	१४२	वेदनाथ अधिकारी -०५-३४-००२२	०७८/७९-०८०/८१	५०००	१७०००
४४.	राज होटल एण्ड लज	१२/२२/२०७७	१८६	रञ्जना श्रेष्ठ -१०-३२-००८५	०७८/७९-०८०/८१	१५००	५१००
४५.	चैनपुर इन्फोटेक	४/२५/२०७७	२९७	निमेश उदास -०६-२५-००४८	०७९/८०-०८०/८१	२०००	४४००
४६.	लिवाङ सप्लायर्स	४/५/२०७९	५५८	राम कुमार लिम्बु -०३-३२-००७४	०८०/८१	६०००	६०००
४७.	नमुना ट्रेड एण्ड डिस्टीब्यूटर्स	४/११/२०७९	५६६	देवेन्द्र श्रेष्ठ -०६-२३-००७२	०८०/८१	६०००	६०००
४८.	होटल शान्त चौतारी	१२/८/२०७९	६९४	सुरेन्द्रकुमार श्रेष्ठ -००-३५-०१९०	०८०/८१	५०००	५०००
				जम्मा			२७१८००

प्रमाण पेश नगरेको	२,७१,८००

३६ प्राकृतिक श्रोत सङ्कलन तथा विक्रि

प्रदेश आर्थिक ऐन, २०८० को दफा ७ अनुसार प्रदेश भित्र प्राकृतिक श्रोत सङ्कलन तथा बिक्री वापतको शुल्क अनुसूची- ५ अनुसार लगाई असुल गरिने व्यवस्था छ । सभाखोला, पिलुवाखोला, हेवा खोला, अरुणखोलाको नदीजन्य पदार्थ १३०८००६ घनफिट (न्यूनतम मुल्य रु.७२८०५३६) को सङ्कलन र बिक्री वितरण गर्न २०८०।५।२ मा बोलपत्रको सूचना प्रकाशन गरिएकोमा कुनै पनि बोलपत्र बिक्री तथा दर्ता हुन सकेको छैन । बोलपत्र मार्फत बिक्री वितरण हुन नसकेपछि पालिकाले प्रति ट्रिपरको किसिमबाट ६ वटा निर्माण व्यवसायीलाई बिक्री वितरण गरी रु.६,४८,८१८.०० राजस्व आम्दानी गरेको छ । बिक्री वितरणको लागी राखेको न्यूनतम मूल्य रु.७२,८०,५३६ मा रु.६,४८,८१८.०० मात्र आम्दानी भएको देखिदा न्यूनतम मूल्यको ८.९१ प्रतिशत मात्र आम्दानी भएको देखियो । प्राकृतिक श्रोत सङ्कलन तथा बिक्री वापतको शुल्कमा घटी आम्दानी भएकोले यसतर्फ ध्यान पुर्याउनु पर्दछ ।

३७ कर निर्धारण र असुली

३७.१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम रहेको छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४९०८४१६०७	१६१४३०००	३. २९ प्रतिशत

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७७ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७.२ **आय अनुमान र असूली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड ५५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१ करोड ६१ लाख ४३ हजार अर्थात अनुमानको ४ प्रतिशत बढी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई थप आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३८ **सटर भाडा आम्दानी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने उल्लेख छ । चैनपूर नगरपालिका र सुदीप पूनबीच भएको सम्झौताअनुसार सटर नं. ७ र ८ को प्रतिसटर रु.२६०० का दरले आर्थिक वर्ष २०८०।८१ को जम्मा रु.६२४०० बुझाउनुपर्नेमा रसिद नं. ९७७-०८१।२।१६ बाट रु.२०००० र रसिद नं.१०४२-०८१।३।२३ बाट रु. ५००० गरी जम्मा रु.२५००० मात्र बुझाएको देखिन्छ । सम्झौता अनुसार बाँकी रहेको रु.३७४०० पालिकाको सञ्चितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३७,४००

३९ **कर तथा शुल्क असुली**

कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२५, ०० , ०००	२१, १२ , ८१५	०.८४
घरजग्गा वहाल कर	८, ०० , ०००	७, ९८ , ०२२	०.९९
सिफारिस दस्तुर	३०, ०० , ०००	२८, ४६ , ५७१.२५	०.९५
व्यवसाय कर	०	८, ३७ , ७७०	१००
व्यावसाय रजिष्ट्रेशन दस्तुर	१५, ०० , ०००	३, ९५ , ७८०	०.२६
नाता प्रमाणीत दस्तुर	२, ०० , ०००	१, ६६ , ६६०	०.८३
व्यक्तिगत घटना दर्ता दस्तुर	४, ०० , ०००	३, ४३ , ९२०	०.८६
अन्य दस्तुर	२७, ०५ , ०००	४०, ६६ , १४६.८०	१.५
अन्य कर	३०, ५५ , ०००	६, ०१ , १४४.६३	०.१९
पार्किङ्ग शुल्क	६, ०० , ०००	४, ३५ , ०००	०.७२
अन्य प्रशासनिक सेवा शुल्क	२, ०० , ०००	६, ७६ , ८४०	३.३८

नगरपालिकाको आय प्रक्षेपण र शुल्क असूलीमा बिश्लेषण गर्दा व्यबशाय करमा आय अनुमान नगरकोमा रु.८,३७,७७०।- आम्दानी देखिएको छ।नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको र करदाताले नगरपालिकामा कर, दस्तुर, शुल्क बुझाउन ल्याएको अवस्थामा मात्र कर, दस्तुर, शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।त सर्थ आफ्नो कार्यक्षेत्रभित्रका करदाताहरुको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४० **नदीजन्य पदार्थ संकलनः**

प्रदेश आर्थिक ऐन,२०८० को दफा ७ अनुसार प्रदेश भित्र प्राकृतिक श्रोत सङ्कलन तथा विक्रि वापतको शुल्क अनुसूची- ५ अनुसार लगाई असुल गरिने व्यवस्था छ । शर्मा शिवशक्ती जे.भी.ले ६ चक्के ५ ट्रिपर र १० चक्के १३५ ट्रिपर नदीजन्य पदार्थ सङ्कलन गरेवापत रु.३,२१,७५३.६० पालिकालाई बुझाउनुपर्नेमा रु.३,००,००० मात्र बुझाएको देखिएकोले बाँकी रु.२१,७५४ सञ्चितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२१,७५४

४१ **ननफाईलर** (४३३-२०८१-३-१८):

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । स्मृती कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई विजक नं.११-०८१।३।६ को मू.अ.कर रु.३६,०२८ समेत रु.३,१३,१६९.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई (2080/M/10) नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण वुझाई कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३६,०२८

४२ **कन्टिन्जेन्सीबाट अतिरिक्त समय काम गरेवापतको भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम १०२ को उपदफा २ अनुसार गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने सक्ने र उपदफा ५ अनुसार यसरी बनाएको नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानून लागु हुने छैन । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड,२०७८ को दफा ११ अनुसार प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता,खाजा खाना लगायतका कुनै प्रकारका भत्ता प्रदान नगर्ने उल्लेख छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट जारी सार्वजनिक खरिदमा कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका,२०७४ को दफा ४ मा वर्कचार्ज स्टाफ र अन्य सानातिना खर्चको यस निर्देशिकाले तोकेको अधिकतम सिमा रहेर खर्च गर्नुपर्ने र कन्टिजेन्सी खर्च जनाउदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत प्रविष्ट गर्नुपर्ने उल्लेख छ । पालिकाले आयोजना व्यवस्थापन (कन्टिन्जेन्सी रकम खर्च सम्वन्धी कार्यविधि,२०७७ तयार गरेको भएपनि राजपत्रमा प्रकाशन गरेको देखिएन। पालिकाले ठेक्कागत कन्टिजेन्सी रकमको अभिलेख नराखेको, वर्कचार्ज स्टाफ र अन्य सानातिना खर्चको विवरण तयार नगरेको एवं अतिरिक्त कार्य गरेको विद्युतिय हाजिरी अभिलेख राख्ने गरेको छैन । खरिद, निर्माण योजनाको अतिरिक्त कार्य, ज्याला दररेट तयार कार्य, नगरपालिका कार्यपालिकाको बैठक लगायतका नियमित कार्य र अन्य अतिरिक्त कार्य गरेको उल्लेख गरी अतिरिक्त कार्य गरेको जनाई निम्नानुसार करकट्टी पश्चात रु.८४०२२५ खर्च लेखेको छ । कन्टिजेन्सी रकमको योजनागत अभिलेख वेगर एवं कार्यविधि स्वीकृति बेगर कन्टीन्जेन्सी रकमबाट अतिरिक्त समय काम गरेवापतको भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

सि.नं.	भौ. नं. र मिति	नामथर	रकम
१.	१६-०८०।६।२७ (पूंजिगत)	प्र.प्र.अ. श्री किरण प्रसाद ढकाल	१६३१२
२.	३३४-०८१।३।२४ (पूंजिगत)	प्र.प्र.अ. श्री सन्तोष श्रेष्ठ	७४२७१
३.	१६-०८०।६।२७ (पूंजिगत)	ईन्जिनियर श्री रिवज खत्री	१६३१२
४.	३३२-०८१।३।२४ (पूंजिगत)	ईन्जिनियर श्री रिवज खत्री	५९४१७
५.	१६-०८०।६।२७ (पूंजिगत)	लेखापाल श्री दिपेन्द्र चौलागाई	१६३१२
६.	३३४-०८१।३।२४ (पूंजिगत)	लेखापाल श्री दिपेन्द्र चौलागाई	५९०४१
७.	३३४-०८१।३।२४ (पूंजिगत)	सहायक क.अ. श्री डिल्लीराम खत्री	४७२३२
८.	१६-०८०।६।२७ (पूंजिगत)	नायव सुव्वा श्री हिमाल प्रसाद गौतम	१६३१२
९.	१६-०८०।६।२७ (पूंजिगत)	नायव सुव्वा श्री महेश गौतम	१६३१२
१०.	३३२-०८१।३।२४ (पूंजिगत)	सव-ईन्जिनियर श्री सौगात महर्जन	४७२३२
११.	३३२-०८१।३।२४ (पूंजिगत)	सव-ईन्जिनियर श्री सन्तोष कुमार महत्तो	४७२३२
१२.	३३२-०८१।३।२४ (पूंजिगत)	सव-ईन्जिनियर श्री बिवेक भण्डारी	४७२३२
१३.	३३२-०८१।३।२४ (पूंजिगत)	अ.स.इ. श्री रविन कुमार राई	४४७४६
१४.	३३२-०८१।३।२४ (पूंजिगत)	अ.स.इ. श्री दिपक श्रेष्ठ	४४७४७
१५.	३३२-०८१।३।२४ (पूंजिगत)	अ.स.इ. श्री सुदर्शन प्रसाद यादव	४४७४७
१६.	३३२-०८१।३।२४ (पूंजिगत)	अ.स.इ. श्री पर्वाना आलम	४४७४६
१७.	३३२-०८१।३।२४ (पूंजिगत)	अ.स.इ. श्री रामनन्द भण्डल	२७९६७
१८.	३३२-०८१।३।२४ (पूंजिगत)	स.इ. श्री ज्ञान वहादुर लोहार	४७२३२
१९.	३३२-०८१।३।२४ (पूंजिगत)	प्राविधिक सहायक श्री सुदिप कार्की	४७२३२
२०.	३३२-०८१।३।२४ (पूंजिगत)	अ.स.इ. श्री श्री गणेशनाथ योगी	४४७४७
२१.	३३४-०८१।३।२४ (पूंजिगत)	कार्यलय सहयोगी श्री शुक्रराज लिम्बु	३०८४४
		जम्मा	८४०२२५

अनियमित भएको	८,४०,२२५

४३ **फरक शिर्षकमा खर्चः** (४४-२०८०-६-२५):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावलीको नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ ले वर्गीकरण गरेको खर्च संकेत अनुसारको खाना,खाजा, पानी विविध खर्च (२२७११) संकेतबाट खर्च गर्नुपर्नेमा तोकिएको शिर्षक भन्दा फरक खर्च संकेत भ्रमण खर्च (२२६१२) बाट रु.१,२१,०००.०० खर्च गरिएको छ । तोकिएको खर्च संकेत भन्दा फरक संकेतबाट गरिएको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,२१,०००

४४ **अग्रिम करकट्टी** (२६६-२०८१-१-१५):

आयकर ऐन,२०५८ को दफा ८७(१) अनुसार प्रत्येक वासिन्दाले नेपालमा श्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ ।नमुना समाज सेवा युवा क्लवले भाषा सस्कृति संरक्षण कार्यक्रममा प्रशिक्षकको पारीश्रमिक रु.३०,००० का दरले दुई जनालाई भुक्तानी गरेकोमा करकट्टी गरेको छैन । नियमानुसार १५ प्रतिशतकाका दरले लाग्ने कर रु.९००० नमुना समाज सेवा युवा क्लवबाट असुल गरि दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,०००

४५ **पदाधिकारी सुविधा**

४५.१ कोशि प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३(३) अनुसार नगरपालिकाको हकमा प्रमुख र उपप्रमुखले राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यान राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना निजी सचिवको रुपमा राख्न सक्ने उल्लेख छ । नगरप्रमुखको स्वकीय सचिवमा श्री टंक वहादुर रोक्कालाई २०८० मंसिर २४ गते करार सम्झौता गरी आषाढसम्मलाई नियुक्त गरिएको छ । नीजलाई पारिश्रमीक मासिक रु.२५,००० का दरले आषाढ मसान्तसम्म रु.१,८०,८३३.०० भुक्तानी गरिएको छ । पालिकामा आन्तरीक आम्दानी रु.१,६१,४३,५४४ मात्र रहेको र स्वकीय सचिव राख्न पाउने कानूनमा व्यवस्था गरेको देखिदैन । कार्यपालिकाको निर्णय बमोजिम एकजना निजी सचिवको रुपमा राख्न सक्नेमा पालिकाको आन्तरीक आय न्यून भएको अवस्थामा पनि स्वकीय सचिव नियुक्त गरी भुक्तानी गरीएकोले यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ

४५.२ कोशी प्रदेशको गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को ३(१) अनुसार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १(क) (ख)(ग)(घ) मा उल्लेख भए बमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजीम सुविधा पाउने उल्लेख छ । नगरपालिकाका प्रमुख-१, उपप्रमुख-१, वडा अध्यक्ष-११, र कार्यपालिका सदस्य- ८ जना र वडा सदस्य-३६ जना कार्यरत रहेको देखिन्छ । नीजहरुको ऐनले तोकेको सुविधा अनुसार मासिक प्रमुख-रु.३९०००, उपप्रमुख रु.३४०००, वडा अध्यक्ष ९ जनाको रु.२४०००, २ जनाको रु.१९५०० र कार्यपालिका सदस्य रु.१३००० र वडा सदस्य रु.१०००० का दरले वार्षिक रु. ९५,०४,००० पदाधिकारीको सुविधामा खर्च भएको देखिन्छ । पालिकाको आन्तरिक आय रु.१,६१,४३,००० मात्र रहेको देखिन्छ । आन्तरिक आयको तुलनामा पदाधिकारीको पारीश्रमिकमा ५८.८७ प्रतिशत खर्च भएको देखिन्छ ।

४६ **कर्मचारीको अतिरिक्त कार्य गरेको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड,२०७८ को दफा ११ अनुसार प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता,खाजा खाना लगायतका कुनै प्रकारका भत्ता प्रदान नगर्ने उल्लेख छ । बजेट तथा कार्यक्रम सुत्रमा प्रविष्ट गर्ने, बेरुजू अद्यावधिक कार्य, अतिरिक्त समय काम गरेको उल्लेख गरी पालिकाले गर्नुपर्ने नियमित प्रकृतिका कार्यहरुमा अतिरिक्त समय काम गरेको उल्लेख गरी करकट्टी पश्चात रु.२११४५८.०० भुक्तानी गरिएको छ ।अतिरिक्त समय कार्य गरेको विद्युतिय हाजिरी अभिलेख राखेको पनि देखिएन । उक्त अतिरिक्त समय काम गरेवापतको भत्ता भुक्तानी गर्न नमिल्ने देखिएकोले करकट्टी पश्चातको रकम असुल गर्नुपर्ने रु.

सि.नं.	भौ. नं. र मिति	नामथर	रकम
१	६३-०८०।६।२७	प्र.प्र.अ. श्री किरण प्रसाद ढकाल	१९८९०
२	६५-०८०।६।२७	प्र.प्र.अ. श्री किरण प्रसाद ढकाल	७६४९२
३	७५-०८०।६।२७	प्र.प्र.अ. श्री किरण प्रसाद ढकाल	२७१८६
४	८१-०८०।६।२८	प्र.प्र.अ. श्री किरण प्रसाद ढकाल	३४०००
5	६३-०८०।६।२७	आलेप सहायक श्री हेमराज प्रधान	१९८९०
6	८१-०८०।६।२८	आलेप सहायक श्री हेमराज प्रधान	२५५००
7	८१-०८०।६।२८	मुखिया श्री पदम कुमार श्रेष्ठ	८५००
		जम्मा	२११४५८

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **८५,३२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **४२,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **२७,१८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **२५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,११,४५८

४७ **कर्मचारीको भ्रमण खर्चः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१३,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ **भ्रमण खर्चः**

प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित, नियमानुसार भ्रमण अभिलेख खाता, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण

प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च चालु शिर्षकबाट रु.१७,५३,५८१.०० भुक्तानी गरेको देखिन्छ ।कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४९ **पालिकाको विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड,२०७८ को दफा १२ अनुसार विदेशी अतिथी तथा पाहुनाहरुको लागी बाहेक सरकारी खर्चबाट भोज भतेर गर्न नपाइने उल्लेख छ । पालिकाले कुनै उपस्थिति तथा आधार प्रमाण बेगर सभा संचालन तथा विभिन्न समयमा भएको वैठक र अतिथि सत्कारमा सादा तथा मासु खाना, चिया, नास्ता, जुस, पानी आदीको भुक्तानी रु.२५,१९,०२३ विविध खर्च गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

५० **घरजग्गा भाडाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ (११) अनुसार सार्वजनिक निकायले काठमाण्डौ उपत्यका बाहिर पाँच लाख रुपैयाँसम्मको घरजग्गा भाडामा लिनुपरेमा उपनियम १ बमोजिमको सूचना अनुसार प्राप्त प्रस्ताव मध्ये उपयुक्त प्रस्तावमा घरधनीसँग सोझै बार्ता गरी घरजग्गा भाडामा लिनसक्ने उल्लेख छ । यस नियमावली अनुसार गठन भएको घरजग्गा भाडा निर्धारण समितिले निर्धारण गरेको भाडाको आधार तथा सूचना प्रकाशनको माध्यमबाट उपयुक्त घर छनौट नगरी सिधै घरधनीसँग सम्झौता गरी ।कर्मचारी आवास-चैनपुर, वडा नं. १,६,११ कार्यालय, सिद्धकाली प्रहरी चौकी, वडा नं.११ खहरे स्वास्थ्य केन्द्र, वडा नं.३ शहरी स्वास्थ्य केन्द्र, नगरप्रमुखको आवास, भण्डार प्रयोजनको लागी भवन भाडामा लिएर सिधै घरधनीसँग सम्झौता गरी घरभाडा वापत रु.१६,४१,६६१.०० भुक्तानी गरिएको छ । नियमावलीको व्यवस्थाअनुसार गठन भएको घरजग्गा भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा तथा सोझै भाडामा लिनुपरेमा उपयुक्त प्रस्तावको आधारमा भाडामा लिने कार्य गरी कानूनको परिपालना गरिनुपर्दछ ।

५१ **मसलन्द तथा कार्यालय सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई मसलन्द तथा कार्यालय सामाग्री रु.४३,४८,८२१.०० सोझै खरिद गरेको देखियो । प्रतिपस्पधां वेगर पटक खरिद गरी निम्नानुसार भुक्तानी दिएको पाइंयो । नियमावलीको प्रावधान विपरित लागत अनुमान टुक्राइ पटक पटक खरिद गर्ने, प्रतिस्पर्धा सिमित गर्ने उद्देश्यले खरिद गर्ने गराउने गर्दा सेवा तथा मालसामानको लागत बढी पर्न गई सरकारी रकम बढी व्यय हुने तथा व्यवसायीले अनावश्यक नाफा आर्जन गर्ने अवस्था सिर्जना हुन जान्छ । अतः नियमावली विपरित लागतअनुमान टुक्राई तथा प्रतिस्पर्धा सिमित गराई खरिद गर्नेकार्यमा नियन्त्रण गरिनुपर्दछ ।

५२ **मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेकासंग कारोबारः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ अनुसार बीस हजार भन्दा बढी रकमको मालसामान वा निर्माण कार्य गराउदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्न सकिने व्यवस्था छ । तपसिलको मालसामान खरिद गर्दा कर विजकमा खरिद नगर्ने उद्देश्यले मिति फरक पारी टुक्रा टुक्रा गरी रु.३,१४,५७५.०० का विभिन्न मालसामानहरु खरिद गरिएको छ । मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती, फर्म, संस्था वा कम्पनीसंग मात्र खरिद गर्नुपर्दछ ।

सि.नं.	भौ.नं. र मिति	खरिद विवरण	आपूर्तिकर्ता	विल अवधी	विल संख्या	रकम
१	३५-०८०।६।२१	सवारी साधन मर्मत	लक्ष्मी अटो ट्रेड (६१६९४४८०४)	२०८० भाद्र	१३	१०९३५०
२	३५-०८०।६।२१	सवारी साधन मर्मत	केडी वर्कसप (६१०७४७९९९)	२०८० आश्विन	१०	६०५५०
३	१२६-०८०।९।१८	ज्याकेट खरिद	बाबा बस्त्रालय पसल (६१२८८८०२५)	२०८० पौष	१	८४९७५
४	२४६-०८०।१२।१४	साउण्ड लाइट व्यवस्थापन	हिमाल रेडियो सर्भिस (६०००६७१२६)	२०८० पौष	३	५९७००
			जम्मा			३१४५७५

५३ **वडामा विविध खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावलीको नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१ (क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ ले वर्गीकरण गरेको खर्च संकेत अनुसारको खर्च गर्नुपर्नेमा ११ वटा वडामा विविध शिर्षकमा जम्मा रु. १,८७,६६,४०८ खर्च भएकोमा विविध शिर्षकमा रु.३९,९३,६७०.०० खर्च (२१.२८%) गरिएको छ ।कुल खर्च रकमको ४.६३ देखी ६०.०२ सम्म विविध शिर्षकबाट खर्च गरिएको देखियो। तोकिएको खर्च संकेत अनुसार बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा सुधार गरिनुपर्दछ ।

वडा नं.	विविध खर्च रकम	कुल खर्च रकम	प्रतिशत
१	२२०१२५	८१५०९१	२७.०१
२	४५६०३०	१०४६३८६	४३.५८
३	२५९१४५	१२०१६६७	२१.५७
४	२८८५२१	८८०२२१	३२.७८
५	१९२१२५	१२७४०८१	१५.०८
६	३८७६१३	८३७६६१३	४.६३
७	४१६४६६	६४१४६६	६४.९२
८	७१२७२२	११८७३९६	६०.०२
९	३५५४९८	११११५२२	३१.९८
१०	३८७०७५	११८६६२५	३२.६२
११	३१८३५०	१०४५३४०	३०.४५
जम्मा	३९९३६७०	१८७६६४०८	

५४ **फोहोर व्यवस्थापनमा बढी खर्चः** (४४०-२०८१-३-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था

छ ।चैनपूर बजारस्थित बजार क्षेत्रमा उत्पादित फोहोर २०८० फाल्गुन १२ देखि प्रत्येक सनिवार ल्याण्डफिल्ड साइटमा लैजाने कार्यमा प्रतिदिन रु.२७०० का दरले भुक्तानी हुने गरी हेमन्त राई र पालिका बिच सम्झौता भएको छ । सम्झौता अनुसार २०८० फाल्गुन १२ देखि आषाढ मसान्तसम्मको भुक्तानीमा जेठमा एक दिनको बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,७००

५५ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेमा र उचित कारण र आधार भएमा सम्वन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिन बाँकी प्रमाणित गराई राखी भुक्तानि दिनुपर्ने उल्लेख छ । गत आ.व. को निम्नानुसार रु.१८५४१६ भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित नगराई अर्थात सभाबाट पारीत नगरी भुक्तानि गरिएको छ ।गत वर्षको भुक्तानी दिन बाँकीको कच्चावारी (मलेपफानं. २२१) प्रमाणित तथा यसवर्षको बजेटमा समेत समावेश नगरी भुक्तानी गरिएकोले नियमसम्मत नदेखिएको रु.

सि.नं.	गो.भौ.नं. र मिति	विवरण	रकम
१	३८-०८०।६।२१	प्रप्रअ श्री किरण प्रसाद ढकालको २०८० आषाढको दैनिक भ्रमण भत्ता भुक्तानी रु.	३३०६६
२	७२-०८०।६।२७	रोजगार मिडिया प्रा.लि.लाई अर्थ रोजगार मासिकमा सूचनमूलक विज्ञापन प्रकाशन वापत २०८० जेठ आषाढको भुक्तानी रु.	३००००
३	११८-०८०।९।१३	सफ्टेक इन्फोसिस प्रालिलाई एकिकृत सम्पति कर संकलन प्रणाली सफ्टवेयरको AMC वार्षिक सपोट सेवाको गतवर्षको भुक्तानी रु.	५०८५०
४	२२१-०८०।११।७	चैनपूर बजार र खराङ्ग बजारमा संकलित फोहोर विसर्जन गरेवापत २०८० वैशाख-आषाढसम्मको भुक्तानी रु.	७१५००
		जम्मा	१८५४१६

अनियमित भएको	१,८५,४१६

५६ **इन्धन तथा मर्मत सम्भार खर्चः**

५६.१ अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड, कार्यविधि बनाएको छैन । नगरपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध नगराएको र सवारी लकबुकको व्यवस्था पनि गरेको छैन । पालिकामा चालु हालतमा रहेको पेट्रोलबाट चल्ने मोटरसाइकल-१४, स्कुटर-२ वटा र पिकअप (बोलेरो)-१ जिप (स्कारपियो) -१ संचालनमा रहेको देखिन्छ । यस वर्षमा ईन्धन रु.१८,९९,९२३.०० खर्च भएको छ । सो बाहेक कन्टेन्जेन्सी र अन्य कार्यक्रमबाट समेत इन्धन खर्च गरेको देखिएकोले खर्चमा मितव्ययीता एबं नियन्त्रणातमक पद्धती अवलम्बन गरिएको नदेखिदा उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

५६.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यस सम्वन्धी बिशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.१५,००,०००.०० र जेसिवि मर्मतमा रु.३,६८,८९४.०० खर्च गरेको अधिकांश सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत सम्भार र संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुका साथै सवारी साधन मर्मत खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

५७ **खाद्यान्न खरिदः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **३८१,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **खेलकुद आयोजनाः** (३५३-२०८१-२-१९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । किरणज्योती युवाक्लवलाई फुटवल खेलकुद आयोजनाको लागी रु.५०,०००.०० भुक्तानी गरीएको छ । खुल्ला महिला तथा पुरुष फुटवल प्रतियोगितामा सहभागी टिम, खेल संचालन अवधि, प्रतियोगितमा पुरस्कृत हुने र पुरस्कार वितरण गरेको प्रमाणित विवरण संलग्न रहेको देखिएन । प्रतियोगितामा सहभागी टिम, खेल संचालन अवधि, प्रतियोगितमा पुरस्कृत हुने र पुरस्कार वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५०,०००

५९ **बिरुवा खरिदः** (४४४-२०८१-३-१८):

जिल्ला प्रशासन कार्यालयबाट जारी भएको संखुवासभा जिल्लाको स्वीकृत जिल्ला दररेट,२०८० अनुसार ड्रागन फ्रुटको प्रति विरुवा रु.१५० निर्धारण गरीएको छ ।कन्चनजघां कृषि फर्मलाई ४५२ ड्रागन फ्रुटको प्रति विरुवा २५० का दरले जम्मा रु.१,१३,००० भुक्तानी गरिएको छ ।स्वीकृत जिल्लादरमा उल्लेख गरिएको दरभन्दा रु.१०० बढी दरमा खरिद गरेको देखिन्छ । सरकारी दररेट भन्दा बढी दरमा खरिद गरेको रु.४५,२०० बढी व्ययभार पर्न गएकोले अनियमित देखिएको रु.

अनियमित भएको	४५,२००

६० **प्रमाण कागजात नभएकोः** (११२-२०८०-८-११):

आर्थिक कार्यविधि तथा वित्तीय नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । स्वास्थ्य संस्थामा पोष्टमार्टम लगायत अन्य भ्रमण खर्च वापतको रु.४२२०० खर्च गरिएको छ । सो खर्चको गोश्वारा भौचर लगायत सोसँग सम्वन्धित बिल भरपाइ संलग्न छैन ।खर्चको विलभरपाई सहितको खर्च विवरणको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४२,२००

६१ **पदाधिकारीको अनुगमन प्रतिवेदनः**

पदाधिकारीको अनुगमन प्रतिवेदनः कोशी प्रदेशको गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को अनुसूची १(ख) अनुसार नगरपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ ।तपसिलका पदाधिकारीले लिएको रु.१७,२२,००० अनुगमन भत्ताको अनुगमन प्रतिवेदन पेश गरेको छैन । नियमानुसार अनुगमन प्रतिवेदन पेश गरेर मात्र भत्ता लिनुपर्दछ ।

सि.नं.	पद	संख्या	दर रु	अनुगमन भत्ता रु.
१	प्रमुख	१	११०००	१३२०००
२	उपप्रमुख	१	११०००	१३२०००
३	वडा अध्यक्ष	११	४५००	५९४०००
४	कार्यपालिका सदस्य	३६	२०००	८६४०००
	जम्मा			१७२२०००

६२ **बिरुवा वितरणः** (४२८-२०८१-३-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । एभोकाडो विरुवा २००० परीमाणको रु.७५ का दरले धर्मगंगा फलफुल नर्सरीबाट खरिद गरी रु.१,५०,००० भुक्तानी गरिएको छ ।उक्त विरुवाहरु कृषकलाई वितरण गर्नको लागी तपसिलको व्यक्तीहरुलाई जिम्मा दिएकोमा १६०० विरुवा मात्र वितरण गरेको देखियो । बाँकी ४०० विरुवा सम्वन्धित कृषकलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सि.नं.	वुझ्ने व्यक्ती	वुझेको परीमाण	भरपाइ अनुसार	घटी परीमाण	रकम
१	भिम न्यौपाने	६००	५४०	६०	४५००
२	दिल व.क्षेत्री	६००	५१०	९०	६७५०
३	विदुर खत्री	६००	५५०	५०	३७५०
४	फुर्वा शेर्पा	२००	-	२००	१५०००
	जम्मा	२०००	१६००	४००	३००००

प्रमाण पेश नगरेको	३०,०००

६३ **मकैको खोसेला फुलबुकी बनाउने तालिम** (४४९-२०८१-३-११):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।सिप विकास कार्यक्रम अन्तर्गत २०८१ असार २ देखी १५ सम्म वडा नं. ६ मा मकैको खोसेला फुलबुकी बनाउने तालिम संचालन गर्ने र पालिकाको तर्फबाट रु.१,८०,०००.०० भुक्तानी गर्ने गरी ६ नं. वडा कार्यालय र अधिकारका लागी सहकार्य समितिबीच २०८१ जेठ ३२ मा सम्झौता भएको छ । हाजिरी विवरण अनुसार १६ जना लाभग्राहीलाई तालिम दिएको देखिन्छ । लाभग्राही १६ जनालाई तालिम संचालन गर्न प्रतिव्यक्ती प्रतिदिन रु.११,२५० लागत रहने देखिन्छ । अनुगमन प्रतिवेदन अनुसार ७ दिनसम्म मात्र तालिम प्रदान गरेको देखियो ।सम्झौता अनुसार १४ दिन तालिम संचालन गर्नुपर्नेमा ७ दिन मात्र संचालन गरेको देखिएकोले घटी ७ दिनको प्रतिव्यक्ती रु.११२५० का दरले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७८,७५०

६४ **अतिथी सत्कार** (३५०-२०८१-२-१६):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था

छ ।परिवर्तनका लागी युवा चैनपूरलाई जात्रा उत्सव २०८० मा अतिथि सत्कारको लागी शाक्य भाडा पसलबाट ४.१ केजी (४k ४) को प्रतिकेजी रु.४००० का दरले जम्मा रु.१७,६०० भुक्तानी हुनुपर्नेमा रु.२०,००० भुक्तानी भएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,४००

६५ **वोलपत्र खोलेको समयमा वैठक भत्ताः** (४७२-२०८१-३-२१):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ **सरुवा भ्रमण खर्चः** (154-२०८०-१०-५):

दैनिक भ्रमण भत्ता नियमावली,२०६४ को नियम १०(२) अनुसार कुनै पनि पदाधिकारी वा कर्मचारी सरुवा, बढुवा वा कायम मुकायम मुकरर भई एक जिल्लाबाट अर्को जिल्ला जाँदा कर्मचारीले पाउने दैनिक भत्ता र भ्रमण खर्च वापतको रकमको फाँटबारी मलेप कार्यालयबाट निर्धारित ढाँचामा निज बहाल रहेको कार्यमा पेश गर्नुपर्ने र प्राप्त फाँटवारी उपर कार्यालयले जाँचबुझ गरी यस नियमावली बमोजिम पाउनुपर्ने रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ ।प्रमुख प्रशासकिय अधिकृत श्री किरण प्रसाद ढकाल मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौडा गएकोमा यस कार्यालयबाट दैनिक भत्ता र भ्रमण खर्च वापतको रकम च.न. ५३४-०८०।६।२६ को रमानापत्रमा नलिएको उल्लेख गरिएको छ । निजले रमानापत्रमा दैनिक भत्ता र भ्रमण खर्च वापतको रकम नलिएको उल्लेख गरिएतापनि नगरपालिकाबाट रु.३२५०० भुक्तानी भएको देखिन्छ । नियममा व्यवस्था भएअनुसार वहाल रहेको कार्यालयबाट दैनिक भत्ता र भ्रमण खर्च भुक्तानी हुनेमा र रमानापत्रमा नलिएको उल्लेख गरेर यस पालिकाबाट भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३२,५००

६७ **शिक्षक दरवन्दी र पदपूर्तिः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका५८ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।शिक्षक र विद्यार्थीको अनुपात कम हुने विद्यालयलाई भौगोलिक अवस्था अनुसार मर्ज गरेर सञ्चालन गरि खर्चलाई मितव्ययी बनाउनुपर्दछ।साथै शिक्षक दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

आ.व.२०८०/८१ को चैनपुर नगरपालिकाको शिक्षक दरवन्दी विवरण					
क्र.सं	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति करार तथा राहत	विद्यार्थी सख्या
१	विभिन्न ५८ वटा	२७५	२७५	६६	६४१६

यस पालिका अन्तर्गत रहेका ५८ विद्यालयहरुमध्ये गौमती आधारभुत बिद्यालय, पासाङल्याम्हु प्राथमिक बिद्यालय तथा जनकल्याण प्राथमिक बिद्यालय गरी ३ बिद्यालयमा क्रमशः१५, ३, र २० जना समेत ३८ जना बिद्यार्थी भएतापनि शिक्षक दरबन्दी रहेको देखिएन। दरबन्दी नभएका विद्यालयहरुमा राहत दरबन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलबभत्ता निकासा एवं पदपूर्ति गरी पठनपाठनको व्यवस्था मिलाउनु पर्दछ ।

• नगरपालिका मातहतका विद्यालयमा २७५ शिक्षक दरबन्दी रहेकोमा सबै दरवन्दी पदपूर्तिका भएको पदपुर्ति मध्ये ६६ पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ। विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा समायोजन गर्नुपर्दछ ।

• नगरपालिकाले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन।मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेकोले उक्त कार्य व्यबस्थित हुनुपर्दछ ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको देखिएन ।

६८ **निकासा लेजरः**

नगरपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा माग गर्नुपूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी सोको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्दछ ।

६९ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):**

कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गर्ने व्यवस्था कार्यान्वियन गरेको देखिएन ।

बिबरण अद्यावधिकः शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं.(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरी अद्यावधिक गरेको देखिएन ।

७० **बढी भुक्तानीः** (१९२-२०८१-३-१५):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ।नगरपालिकाले कक्षा ८ को परीक्षा संचालन खर्च शीर्षकमा रु.२,७७,५३५/- खर्च लेखेकोमा रु.२,७४,०३४/-को माब बिल भरपाई पेश भएकोले बील भरपाई भन्दा बढी खर्च देखिएको रु.३५०१/-सम्बन्धितबाट असूल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	३,५०१

७१ **खर्चको प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ।नगरपालिकाले सिंहदेवी माध्यमिक बिद्यालय नुनढाकीमा प्रथम त्रैमासिकको दिवा

खाजा वापत सशर्त अनुदानको रु.१५ का दरले तथा नगर अनुदान थप रु.५ समेतप्रति बिद्यार्थी रु.२० का दरले ६२ जना बिद्यार्थीको २७९० दिनको रु.५५८०० निकासा गरेकोमा ११६९ दिनको बिद्यार्थीको हाजिरी बिबरण पेश नभएकोले उक्त प्रमाण पेश हुनु पर्ने अन्यथा रु.२३३८०/- असूल हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	२३,३८०

७२ **नपाउने भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ।नगरपालिकाले जनता आ बि मानेडाँडामा प्रा बि तृतिय पदमा कार्यरत नविन कुमार खत्रीलाई तेश्रो त्रैमासिकको तलब भुक्तानी गर्दा ३ महिना र १७ दिनको तलब रु.१,७४,१८२/- निकासा गरेको देखिएको छ।उक्त शिक्षकले धर्मदेवी नगरपालिकको भगवती मा.बि.मूलगाउँबाट २०८० पौष मसान्त सम्मको तलब भत्ता भुक्तानी लिएको निजको रमना पत्रमा देखिएको छ। यसरी पौषको तलब भुक्तानी धर्मदेवी नगरपालिकाबाट भैसकेको अबस्थामा पुनः पौषको १७ दिनको तलब रु.२६,६८५/- निकासा गरेको देखिएकोले बढी निकासा भएको उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२६,६८५

७३ **बढी ग्रेड भुक्तानीः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ अनुसार शिक्षकहरुको ग्रेड भुक्तानी गर्दा विद्यालय शिक्षक कितावखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले देहायका बिद्यालयका देहायका पदका कार्यरत निम्न शिक्षकहरुलाई ग्रेड भुक्तानी गर्दा शिक्षक कितावखानाबाट पारित भएको ग्रेड भन्दा बढी हुने गरी भुक्तानी गरेको देखिएकोले बढी ग्रेड रु.५४३४१/- सम्बन्धितबाट असूल हुनु पर्ने रु.

क्र सं	बिद्यालय	शिक्षकको नाम	पद	तलबी प्रतिबेदन अनुसार भुक्तानी हुनुपर्ने ग्रेड	भुक्तानी भएको ग्रेड	फरक ग्रेड	ग्रेड दर	भुक्तानी भएको महिना	बढी भुक्तानी क सं कोष समेत
१	सर्वमगंला आ बि	नरबहादुर अधिकारी	प्रा बि प्रथम	४	५	१	१४५६	१० महिना	१६०१६
२	शारदा मा बि खराङ	श्यमबाबु गौतम	प्रा बि प्रथम	२	३	१	१४५६	१२ महिना	१९२१९
३	शारदा मा बि पोखरे	रामुमार लिम्बु	नि मा द्धि	१	२	१	११५८	१२ महिना	१५२८५
४	सरस्वती मा बि चैनपुर	सिता निरौला	नि मा तृ	२०८०।११।१३ को नयाँ नियुक्ति	१	१	११५८	३ महिना	३८२१
	जम्मा								**५४३४१**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१२,७३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५४,३४१

७४ **छात्रवृत्तितर्फ बढी निकासाः**

शिक्षा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.४.२ अनुसार ईमिसमा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा छात्रवृत्ति अनुदान दिने र सो अनुदान वितरणको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ।विद्यालयलहरुले पेश गरेका छात्रवृत्ति

अनुदान वितरणको भरपाई नमूना परीक्षण गर्दा देहायका बिद्यालयमा ईमिसमा प्रविष्ट बिद्यार्थी संख्या भन्दा बढी हुने गरी छात्रबृति रकम निकासा गरेको देखिएकोले उक्त रकम रु.१४,३००/- असूल गरी संघीय सञ्चितकोषमा दाखिला हुनुपर्ने रु.

क्र सं	बिद्यालयको नाम	**IEMIS मा प्रविष्ट संख्या**	निकासा गरेको संख्या	बढी संख्या	दर	रकम
१	गगनचुम्बी प्रा बि	१८	२१	३	४००	१२००
२	पञ्चकन्या आ बि	७०	७५	५	४००	२०००
३	सिंहदेवी आ बि अम्बोटे	७	१०	३	४००	१५००
४	धर्मदेवी आ बि	३८	४८	१०	४००	४०००
५	बालज्योती आ बि	११	१३	२	४००	८००
६	प्रा बि पिङडाँडा	२०	२३	३	४००	१२००
७	सर्व मङ्गल आ बि	४४	५०	६	४००	२४००
८	सुर्योदय आ बि दुस्मिमारा	२३	२६	३	४००	१२००
	जम्मा					१४३००

असुल गर्नुपर्ने	१४,३००

७५ **तलबमा बढी निकासाः**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली, २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यबस्था छ।नगरपालिकाले निम्नानुसारका बिद्यालयका देहायका शिक्षकहरुलाई तलब भत्ता निकासा गर्दा अबकाश, रमना तथा राजिनामा पश्चातको अबधिको पनि रु.१,६५३६३/- भुक्तानी गरेको देखिएकोले अबकाश,रमना तथा राजिनामा पश्चात भुक्तानी भएको उक्त रकम असूल हुनु पर्ने रु.

बिद्यालय	**शिक्षकको नाम**	**निकासा भएको अबधि**	**निकासा रकम**	**रमना अबकाश राजिनामा भएको**	**बढी निकासा रकम**
धर्मदेवी माध्यमिक विद्यालयमा	रोशन भण्डारी	चौंथो त्रैमासिक	७७१८४	२०८०।१२।३०	७७१८४
	मौशम श्रेष्ठ	तेश्रो त्रैमासिक	६८१७९	रमना पेश नभएको	६८१७९
सरस्वती मा बि मैदाने	अनिल पन्त	तेश्रो त्रैमासिक	१००००	राजिनामा २०८०।११।१३	१००००
शारदा मा बि खैराङ	चहक बहादुर भण्डारी	तेश्रो त्रैमासिक	१००००	अबकाश २०८०।११।७	१००००
		जम्मा			**१६५३६३**/-

असुल गर्नुपर्ने	१,६५,३६३

७६ **दिवा खाजामा बढी दिनको निकासाः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका,**२०८०।८१** को क्रियाकलाप नं २.७.११.१ मा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बिद्यार्थीहरुलाई स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले बढी मा १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने र तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ।चैनपर नगरपालिकाले आन्तरिक श्रोतबाट प्रति विद्यार्थी दैनिक रु.५ का दरले थप गरी यस बर्ष प्रति विद्यार्थी दैनिक रु.२० का दरले ५८ विद्यालयलाई रु.१,०१,६८,९२३/- अनुदान निकासा गरेको छ।उक्त परिक्षण गर्दा वर्षभरिमा विद्यालयहरुको सञ्चालन दिन फरक रहेको देखिएको र सोही अनुसार

बिद्यार्थीको हाजिरी दिनपनि फरक फरक रहेकोले खाजा खर्च भुक्तानी भएको दिन सम्बन्धमा यकिन हुन सकिएन।विद्यालयहरुलाई भुक्तानी गरेको उक्त खाजा खर्चको लेखापरीक्षण योजनाअनुसार नमुना छनौट गरी परीक्षण गर्दा देहायको बिद्यालयहरुमा निम्नानुसारको रकम निकासा गरेकोमा बिद्यार्थीकोसंख्या तथा हाजिरी अनुसार कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको दिन भन्दा बढी दिनको रु. १५५०५०/- निकासा गरेको देखिएकोले बढी निकासा रकम सम्बन्धित बिद्यालयबाट असुल हुनुपर्ने रु.

क्र सं	**बिद्यालय**	**२०८० श्रावण देखि चैत्र सम्मको बिद्यार्थी संख्या**	**२०८१ बैशाख देखि आषाढ सम्मको बिद्यार्थी संख्या**	**औषत बिद्यार्थी संख्या**	**निकासाहुनु पर्ने अधिकतम दिन**	**जम्मा दिन**	**प्रति विद्यार्थी प्रति दिन दर**	**जानुपर्ने रकम**	**गएको रकम**	**बढी**
१	सरस्वती मा बि चैनपुर	१७९	१२९	१६६।५	१८०	२९९७०	२०	५९९४००	६०३१२०	३७२०
२	सिंहेश्वरी आ बि लेवारिङ	४५	५०	४६।२५	१८०	८३२५	२०	१६६५००	१६८९६०	२४६०
३	भिमसेन आ बि	३६	३५	३४।५	१८०	६२१०	२०	१२४२००	१२८७२०	४५२०
४	शारदा मा बि खैराङ	१८१	१६१	१७१	१८०	३०७८०	२०	६१५६००	६७६५९०	६०९९०
५	जलेश्वरी प्रा बि	५७	५७	५७	१८०	१०२६०	२०	२०५२००	२१९२२०	१४०२०
६	प्रकाशेश्वर आ बि शिद्धकाली	५३	४९	५१	१८०	९१८०	२०	१८३६००	२२६२८०	४२६८०
७	सिंहदेवी आ बि कोक्सा	८७	७९	८३	१८०	१४९४०	२०	२९८८००	३२५४६०	२६६६०
		जम्मा						२१९३३००	२३४८३५०	१५५०५०

असुल गर्नुपर्ने	१,५५,०५०

७७ **कर कट्टीः** (२२६-२०८१-३-२२):

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकमा शारदा माध्यमिक बिद्यालयलाई आई सि टि ल्याव अनुदान बापतरु.६,५०,०००/- भुक्तानी गरेको र बिद्यालयले उक्त अनुदान रकमको बिभिन्न सामग्री खरिद गरेको बिल भरपाई पेश गरेकोमा अग्रिम आयकर रु. ८,६२८/- कट्टी गर्नुपर्नेमा कट्टी गरेको नदेखिएकोले असूल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	८,६२८

७८ **बिद्यालयमा ईन्टरनेट जडानको प्रमाणः** (123-२०८०-१०-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । नगरपालिकाले बिद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकमा ५७ बिद्यालयलाई प्रति बिद्यालय रु.१२,०००/-का दरले रु.६,८४,०००/- बिद्यालयमा ईन्टरनेट जडानका लागि अनुदान निकासा गरेकोमा

उक्त बिद्यालयहरुबाट ईन्टरनेट जडान सम्पन्न गरेको प्रमाण तथा बिल भरपाई पेस गरेको छैन।सो खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात पेश नभएकोले खर्चका प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा सो रकम ६,८४,०००/- फिर्ता हुनुपर्ने रु.

क्र.सं.	विद्यालयकोनाम	रकम	क्र.सं.	विद्यालयकोनाम	रकम	क्र.सं.	विद्यालयकोनाम	रकम
१	भगवती मा.वि चित्लाङ	१२०००	२१	गणेश आ.वि. सिङ्रीङ	१२०००	४१	बालमन्दिर आ.वि.चैनपुर	१२०००
२	सिंहदेवी मा.वि. नुनढाकी	१२०००	२२	श्री आ.वि. पिङडाडा	१२०००	४२	गौमती आ.वि. मच्छेबुङ	१२०००
३	शारदा आवि ओखरबोटे	१२०००	२३	मनशान्ती आ.वि. पोक्लाबाङ	१२०००	४३	कालिका आवि गैरिगाँउ	१२०००
४	अरुण आवि सालडाँडा	१२०००	२४	ज्वालामूखि आ.वि. यङ्सिजुङ	१२०००	४४	जनता आवि मानेडाडा	१२०००
५	सरस्वती मा.वि. चैनपुर	१२०००	२५	सिंहेश्वरी आ.वि. लेवारीङ	१२०००	४५	सिंहदेवी आ.वि.अम्बोटे	१२०००
६	सिंहेश्वरी आ.वि. कोक्सा	१२०००	२६	बानेश्वर आ.वि. खहरे	१२०००	४६	त्रिदेवी आवि मयम	१२०००
७	सूर्योदय आ.वि. फलाटे	१२०००	२७	पंचकन्या आ.वि. खालिंङ	१२००	४७	प्रकाशेश्वर आवि सिद्धकाली	१२०००
८	सर्वमंगला आ.वि. रातमाटे	१२०००	२८	धर्मदेवी आ.वि. कल्लेरी	१२०००	४८	जनकल्याण आवि केराबारी	१२०००
९	बाणीविलास मा.वि लोहाकोट	१२०००	२९	सरस्वती मा.वि. हिटिटोल	१२०००	४९	जतता आवि सुन्तलाबारी	१२०००
१०	शारदा मा.वि खराङ	१२०००	३०	सरस्वती आ.वि. भित्रे	१२०००	५०	भीमशेन आवि आहालडाडा	१२०००
११	शान्ती आ.वि. हालुङ	१२०००	३१	जलेश्वरी आ.वि.तिखिढुङ्गा	१२०००	५१	बालज्योती आवि कोक्सा	१२०००
१२	सरस्वती मा.वि. मैदाने	१२०००	३२	गुफापोखरी आ.वि. गुफा	१२०००	५२	जलकन्या आवि हात्तिसुडे	१२०००
१३	सिंहेश्वरी आ.वि. बतासे	१२०००	३३	पंचायत आ.वि.प्याङ्गोट	१२०००	५३	बालकल्याण आवि किंरिङ	१२०००
१४	बानेश्वर आ.वि. दंगालीगाउ	१२०००	३४	गगनचुम्बी आवि अरुणथान	१२०००	५४	पासाङलामु आवि भित्रे	१२०००
१५	शारदा मा.वि. त्रिशुले	१२०००	३५	महादेबस्थान आवि मैदाने	१२०००	५५	जलकन्या आवि राउतगाउ	१२०००
१६	सारदा मा.वि. पोखरी	१२०००	३६	ज्ञानोपार्जन अवि सिम्ले	१२०००	५६	हेवागंगा आवि कटहरे	१२०००

१७	श्री आ.वि. भञ्ज्याङखर्क	१२०००	३७	बालविकास आ.वि. लामिचौर	१२०००	५७	बालज्योती आवि सल्लेरी	१२०००
१८	श्री आ.वि.पुरानो चैनपुर	१२०००	३८	भगवती आ.वि. घोर्ले	१२०००		जम्मा	६८४०००
१९	सिंहेश्वरी आ.वि. तालेवा	१२०००	३९	सूर्योदय आ.वि.दुम्सीमारा	१२०००			
२०	हिमगंगा आ.वि. चापाभूइ	१२०००	४०	संखुवा आ.वि. तुपुवा	१२०००			

प्रमाण पेश नगरेको	६,८४,०००

७९ **कक्षा ८ को परीक्षा संचालन खर्चः** (१९२-२०८१-३-१५):

शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयबाट स्वीकृत तथा शिक्षा तथामानव श्रोत विकास केन्द्रबाट प्रकाशित २०८०।८१ को कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार कक्षा ८ को परीक्षा व्यबस्थापनका लागि प्रति बिद्यार्थी रु.२७५ का दरले खर्च गर्नु पर्ने व्यबस्था छ । यस नगरपालिका अन्तर्गत संचालित २० सामुदायिक बिद्यालयहरु तथा ४ निजी बिद्यालयमा कक्षा ८ मा ५४९ जना बिद्यार्थी परीक्षामा संलग्न रहेको देखिएको छ।उक्त बिद्यार्थीहरुका लागि प्रति बिद्यार्थी २७५ का दरले हुन आउने रु.१,५०,९७५/- मात्र खर्च लेख्नु पर्नेमा रु.२७७,५३५/- खर्च लेखेको देखिएकोले नर्म्सभन्दा बढी रु.१,२६,५६०/- खर्च लेखेको रकम सम्बन्धितबाट असूल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	१,२६,५६०

८० **निजी बिद्यालयको परीक्षा संचालन खर्चः**

कक्षा ८ को परीक्षा संचालनको जिम्मा स्थानीय तहको हुने व्यबस्था अनुसार नगरपालिका क्षेत्रभित्र कक्षा ८ मा २० सामुदायिक बिद्यालय र ४ वटा निजी बिद्यालय रहेको ईमिस बिबरणबाट देखिएको र उक्त निजी बिद्यालयमा देहायको ५९ जना बिद्यार्थीहरु कक्षा ८ को परीक्षामा संलग्न भएको बिबरणबाट देखिन्छ।उक्त बिद्यार्थीहरुको बार्षिक परिक्षा संचालन खर्च नगरपालिकले भुक्तानी गरेको देखिएको छ।बिद्यालयले बिद्यार्थीहरुबाट मासिक शुल्कमा पनि उक्त शुल्क जोडेर लिने भएकोले नगरपालिकाबाट खर्च भएको बिद्यार्थी संख्याका आधारमा प्रति बिद्यार्थी रु.२७५ का दरले देहायका बिद्यालयबाट रु.१३,२००/- नगरपालिकामा आम्दानी भएको प्रमाण पेश हुनु पर्ने रु.

क्र सं	**बिद्यालयको नाम**	**कक्षा ८ को परिक्षामा संलग्न बिद्यार्थी संख्या**	**प्रति विद्यार्थी दर**	**रकम**
१	सिद्धकाली ईन्गलिस बोर्डिङ स्कूल	२१	२७५	५७७५
२	जलजले ईन्गलिस बोर्डिङ स्कूल	४	२७५	११००
३	चैनपुर ईन्गलिस बोर्डिङ स्कूल	२३	२७५	६३२५
	जम्मा	४८		१३२००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **३,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१३,२००

८१ **अपाङ्ग छात्रबृत्ति बितरणः**

शिक्षामानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.११ मा सार्बजनिक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुका लागि छात्रबृति सम्बन्धी व्यवस्था रहेको छ।जसअनुसार छात्रबृतिको प्रकृति पहिचान गरी

बिद्यार्थी संख्या यकिन गर्ने र रकम निकासा गर्दा श्रोत कक्षामा आवाशीय रुपमा बस्ने तथा नबस्ने वा श्रोतकक्षा नभएको अन्य बिद्यालयहरुमा अध्ययन गर्ने अपाङ्ता भएका बिद्यार्थीहरुलाई छात्रबृति रकम सम्बन्धित अभिभावकको रोहवरमा बिद्यालयले बितरण गर्ने उल्लेख भएकोमा सो बमोजिम नभइ उक्त छात्रबृति रकम एकमुष्ट बिद्यालयहरुको खातामा निकासा गरेको देखिएको छ।यसरी निकासा गरेको छात्रबृति रकम मध्ये देहायका बिद्यालयका निम्नाननुसारका बिद्यार्थीहरुलाई रु.३७००००/- निकासा गरेको देखिएकोमा बितरण गरेको प्रमाण पेश नभएको रु**.**

क्र सं	**बिद्यालयको नाम**	**बिद्यार्थी संख्या**	**छात्रबृत्ति दर**	**रकम**
१	सरस्वती मा बि हिटिटोल	९	४००००	३६००००
२	सिंहेश्वरी आ बि लेवारिङ	२	१०००	२०००
३	सिंहेश्वरी आ बि वतासे	१	५०००	५०००
४	सिंहेश्वरी आ बि कोक्सा	१	१०००	१०००
५	महादरेवस्थान आ बि	१	१०००	१०००
६	सरस्वती मा बि	१	१०००	१०००
			जम्मा	३७००००

प्रमाण पेश नगरेको	३,७०,०००

८२ **अनुदानबाट नगर शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।साबिकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिने व्यवस्था छ ।तर नगरपालिकाले स्विकृत दरबन्दी भित्र नपरेका आफ्नो क्षेत्रभित्रका विद्यायलहरुलाई समानीकरण चालुबाट शिक्षकको तलब भत्ता वापत रु. २१,३२,०००।- निकासा दिएको पाइयो।

क्र सं	बिद्यालयको नाम	संचालित कक्षा	स्वीकृत दरबन्दी			नगरपालिकाबाट थप गरेको			संघीय अनुदान अन्तर्गत शिक्षण सहयोग प्राप्त कोटा		जम्मा		
			मा बि	निमाबि	प्रा बि	मा बि	निमाबि	प्रा बि	मा बि	निमाबि	मा बि	निमाबि	प्रा बि
१	भगवती मा बि चित्लाङ	**१-१०**	१			१			१		३		
२	सिंहेश्वरी आ बि कोक्सा	**१-८**		०	७	०	१	०	०	१		२	७
३	सरस्वती मा बि मैदाने	**१-१०**	२			२	०	०	०	०	४		
४	सिंहेश्वरी आ बि	**१-८**		०	८	०	१	१	०	०		१	८
५	गणेश आ बि	**१-८**		०	६	०	१	०		१		२	६
६	वानेश्वर आ बि	**१-८**		०	५	०	३	१	०	०		३	६
७	पञ्चकन्या आ बि	**१-८**		०	७	०	२	१	०	०		२	८
८	धर्मदेवी आ बि कल्लेरी	**१-८**		०	६	०	२	१	०	१		३	७
९	हिमगंगा आ बि	**१-८**		०	५	०	१	१	०	१		२	६
१०	सरस्वती मा बि हिटिटोल	**१-१०**	०	०	७	१	४		२		३	४	७
	जम्मा		३	०	५१	४	१५	५	३	४	१०	१९	५५

उल्लेखित बिबरण हेर्दा स्वीकृत दरबन्दी ३ रहेको मा बि शिक्षकमा १० जना कार्यरत तथा स्वीकृत दरबन्दी ५१ रहेको प्रा बि शिक्षकमा ५५ जना कार्यरत तथा दरबन्दी नभएको नि मा बि शिक्षकमा १५ जना कार्यरत रहेको देखिएको छ । संघीय सरकारबाट शिक्षण सहयोग अनुदान प्राप्त भएका निम्नानुसारका बिद्यालयहरुमा नगरपालिकाले पुनःशिक्षक थप गरी भुक्तानी गरेको देखिएकोले उक्त रकम अनियमित देखिएको रु २१,३२,०००/-

क्र सं	बिद्यालय	तह	नगरपालिकाले निकासा गरेको तलब स्केल	बार्षिक भुक्तानी
१	भगवती मा बि चित्लाङ	मा बि १	३२०००	४१६०००
२	सिंहेश्वरी आ बि कोक्सा	नि मा बि १	२००००	२६००००
३	गणेश आ बि	नि मा बि १	२००००	२६००००
४	धर्मदेवी आ बि कल्लेरी	नि मा बि १	२००००	२६००००
५	हिमगंगा आ बि	नि मा बि १	२००००	२६००००
६	सरस्वती मा बि हिटिटोल	मा बि १	३२०००	४१६०००
		नि मा बि १	२००००	२६००००
	जम्मा			२१,३२,०००/-

अनियमित भएको	२१,३२,०००

८३ **निजी श्रोत शिक्षकः**

नगरपालिकाले सरस्वती मा बि चैनपुरमा बिद्यालयको निजी श्रोतबाट तलब भुक्तानी गर्ने गरी शिक्षकमा नियुक्ती भएकी कमला कार्कीलाई मासिक रु.१२००० का दरले बर्षभरिमा रु.१,५६,०००/- निकासा गरेको देखिएको बिद्यालयको निजी श्रोतमा नियुक्त शिक्षकलाई पालिकाबाट तलब निकासा गरेको उक्त रकम बिद्यालयबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,५६,०००

८४ **संखुवासभा बहुमुखि क्याम्पसलाई अनुदानः**

नेपालको संविधानको अनुसूची ६ मा उच्च शिक्षासम्बन्धी अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ।नगरपालिकाले यस बर्ष प्रदेशको अधिकार सूचीमा रहेको उच्च शिक्षा अध्ययन अध्यापन हुने संखुवासभा बहुमुखी क्याम्पसलाई अनुदान कार्यक्रममा २० लाख बजेट बिनियोजन गरी अनुदान उपलब्ध गराएको छ।अनुदान उपयोग सम्बन्धी कानूनी व्यबस्था नभएको र संबैधानिक अधिकार क्षेत्र संघ, तथा प्रदेश कानुन र स्थानीय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यबस्था गरेर मात्र अनुदान दिनुपर्ने भनि गत बर्षको लेखापरीक्षण प्रतिबेदनमा समेत उल्लेख भएकोमा उक्त कार्यमा सुधार भएको नदेखिएकोले उक्त खर्च रु.२०,००,०००/- अनियमित देखिएको रु.

अनियमित भएको	२०,००,०००

८५ **छात्रवृत्ति बितरणको प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९९५० मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ।नगरपालिकाले देहायका बिद्यालयका कक्षा १ देखि ८ सम्मका छात्रा बिद्यार्थीहरुलाई छात्रबृत्ति बापत रु.८११६००/- अनुदान निकासा गरेकोमा देहायका बिद्यालयबाट छात्रबृत्ति रकम बिद्यार्थीहरुलाई बितरण गरेको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनु पर्ने रु.

क्र सं	बिद्यालयको नाम	निकासा रकम
१	शारदा आ बि ओखरबोटे	१२०००
२	अरुण आ बि सालडाँडा	१००००
३	शारदा मा बि खैराङ	६६८००
४	शान्ति आ बि हालुङ	२४००
५	सरस्वती मा बि मैदाने	२९६००
६	शारदा मा बि त्रिशुले	४४८००
७	श्री आ वि भञ्याङखर्क	१२००
८	मनशान्ति आ वि पोक्लावाङ	४०००
९	ज्वालामुखी आ बि यङसिजुङ	१८८००
१०	सिंहेश्वरी आ वि लेवारीङ	८८००
११	सरस्वती मा बि हिटीटोल	५६८००
१२	सरस्वती आ बि भित्रे	१२४००
१३	गुफापोखरी आ वि गुफा	२०००
१४	पञ्चायत आ बि प्याङकोट	९२००
१५	प्रकाशेश्वर आ वि सिद्धकाली	७२००
१६	जनता आ वि सुन्तलाबारी	२८००
१७	वालकल्याण आ वि किरीङ	४८००
१८	हेवागंगा आ वि कटहरे	१६००
	जम्मा	२९५२००

प्रमाण पेश नगरेको	२,९५,२००

८६ **पारिश्रमिक कर-**

आयकर ऐन, २०५८ बमोजिम प्राकृतिक व्यक्तिले रोजगारदाताबाट प्राप्त आम्दानीबाट तोकिएको सिमा भन्दा बढी आयमा वार्षिक रुपमा गणना गरी पारिश्रमिककर तिर्नुपर्ने व्यवस्था छ । जन स्वास्थ्य अधिकृत नर बहादुर श्रेष्ठ (अधिकृत आठौँ) वार्षिक करयोग्य आय रु. ९,३२,३१५ रहेकोमा छुट रकम रु. ८,९९,९६८। भएकाले पारिश्रमिक आयकर छुट पश्चात बाँकी रु.३२,३४७ को १० प्रतिशतले हुने रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,२३४

८७ **औषधि खरिद-**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २४ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सोझै खरिद (कोटेशन विधि) मार्फत संघीय सरकारको

ससर्त अनुदान, आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरिद तथा पालिका चालु तर्फको निशुल्क स्वास्थ्य सेवाको लागि औषधी तथा सर्जिकल सामाग्री खरिद कार्यक्रमबाट निम्न अनुसारको रु.२१०८२०७ को औषधि खरिद गरेको देखिन्छ । औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्त्रण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधिहरुको जिम्मेवारीलाई जिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

गौ.भौ नं. र मिति	आपूर्तिकर्ता	रकम
११।२०८०।०६।२८	मेडिसर्ज ट्रेडर्स	१३४२४४
१३।२०८०।०६।२९	यशोदा फर्मा	५३१३८८
५९।२०८१।०३।११	राम लक्ष्मण फार्मेसि	१०४२५४४
६।२०८०।०६।२६	ब्लू क्रस भेट	४०००३१
जम्मा		२१,०८,२०७

८८ **बिल भरपाई नभएको-** (१४-२०८१-३-१):

बिल भरपाई नभएको- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यबस्था छ । पालिकाले अधिकारका लागि सहकार्य समितिलाई २ दिने नेतृत्व विकास कला तथा उद्घोषण तालिम सञ्चालन गर्न रु. १ लाख भुक्तानी गरेको छ भने बिल भरपाई संलग्न गरेको पाईएन । अत: बिल भरपाई सहित प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

८९ **स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण-** (१६८-२०८१-२-३१):

स्वास्थ्य संस्थाहरुले दिने सेवाहरु तथा स्वास्थ्य सम्बन्धि सामुदायिक क्रियाकलापहरुको बारेमा समुदायलाई जानकारी दिने उद्देश्यले सामाजिक परीक्षण गर्न उपचारात्मक सेवा महाशाखा द्वारा तयार भएको "स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता संघीय मार्गदर्शन २०७७" को बुदा नं.३.२ अनुसार स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण गर्नुपर्ने र स्थानीय तहको सुशासन समितिले जिल्ला स्वास्थ्य कार्यालयबाट प्रमाणिकृत भएका संस्थाहरु मध्येबाट बढीमा ३ वटा स्थानीय गैह्र सरकारी संस्थाहरुलाई सामाजिक परीक्षक संस्थाको रुपमा छनौट गर्न सक्ने व्यवस्था छ । छनौट हुने संस्था कम्तिमा ५ वर्षको अनुभव तथा परीक्षक सोहि जिल्लाको स्थायी बासिन्दा हुनुपर्ने व्यवस्था छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सशर्त अनुदानबाट प्राप्त बजेटबाट पालिका अन्तर्गत रहेका स्वास्थ्य चौकिहरुमध्ये आधारभूत अस्पत्ताल चैनपुर, स्वास्थ्य चौकि नुनढाकी, स्वास्थ्य चौकी खराङ र सामुदायिक स्वास्थ्य ईकाई लोहाकोटको सामाजिक परीक्षण गर्नका लागि २०८१।१।८ गते सूचना प्रकाशित गरी सामाजिक परीक्षणका लागि फिदिम नगरपालिका वडा नं. १ पाँचथरमा रहेको संस्था पाथिभरा परामर्श सेवा केन्द्रसँग मिति २०८१ ज्येष्ठ ३ गते सम्झौता गरी रु. १,७८,४००। भुक्तानी खर्च लेखेको पाईयो । यसरी मार्गदर्शन विपरित जिल्ला बाहिरका सामाजिक परीक्षक नियुक्त गरी भुक्तानी गरेको रकम नियमसंगत नदेखिएको रु.

अनियमित भएको	१,७८,४००

९० **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र कार्यक्रमलाई व्यबस्थित रुपमा सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको छ । यस कार्यक्रम

अन्तर्गत पालिकाका ११ वटा वडाहरुमा १४ वटा योजना सञ्चालन गरि यस वर्ष १८० जना सूचीकृत भएकोमा ७८ जनालाई सय दिनको रोजगारि उपलब्ध गराई नेपाल सरकार र आईडिएबाट रु. ३९,०७,८००। श्रमिक ज्याला खर्च भएको छ । योजना छनौट गर्दा योजना छनौटका आधार नखुलाएको कारण पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजना दोहोरो नहुने गरि योजना छनौट गरि कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी श्रृजना भएता पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी श्रृजना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

९१ **उखु पेल्ने मेसिन खरिद-**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो नहुने गरी सञ्चालन भएको, कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको, कामको गुणस्तर र परीमाण समेत सन्तोषजनक भएको, स्वीकृत लागत र खर्चको सिमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको विषयमा सुनिश्चित भएको एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको सुनिश्चत गर्न अनुदान उपलब्ध गराउने निकायले समय-समयमा अनुगमन गरी सोको उपादेयता समेत सुनिश्चित गर्नुपर्दछ । पालिकाले कृषि पुँजीगत बजेटबाट रु. ९ लाखको उखु पेल्ने मेसिन खरिद गरी ७५ प्रतिशत अनुदानमा ३ वटा कृषि समूहहरुसँग सम्झौता गरी वितरण गरेको पाईयो । समुहसँग गरेको सम्झौताको बुँदा नं. ४ मा दोस्रो पक्षले यस कार्यक्रमलाई कम्तिमा ५ वर्ष सम्म निरन्तरता दिनुपर्नेछ तथा बुँदा नं. ५ मा दोस्रो पक्षको लापरवाहिको कारण हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुने उल्लेख छ । वितरित ३ उखु पेल्ने मेसिनमध्ये आईतबारे कृषक समूहलाई वितरण गरेको रु.३ लाख मूल्यको मेसिन १ महिनामै बिग्रेको भनेर पालिकामै फिर्ता प्राप्त गरी निम्नानुसार उपयोगविहिन अवस्थामा रहेको देखिएकोले उक्त अनुदान खर्चको उपादेयता देखिएन । यस सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाई अनुदान रकमको उपयोगको सुनिश्चितता गराउनुपर्दछ ।

९२ **बितरण भरपाई नभएको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले निम्न अनुसारको बीउ बिरुवा खरिद गरेकोमा

वितरण भरपाई संलग्न नभएकोले वितरण सहितको भरपाई प्रमाण पेस गर्नुपर्ने रु.

क्र.स	गो.भौ. नं र मिति	खरिद	रकम
१	४/२०८०/६/२१	हिउँदे तरकारीको बीउँ(२३०८ पोका)	३,००,०००
२	१९/२०८०/११/०३	किवि कलमी बिरुवा (१७१४ बोट)	२,९९,९५०
जम्मा			५,९९,९५०।

प्रमाण पेश नगरेको	५,९९,९५०

९३ **दररेट माग नगरी खरिद-**

सार्वजानिक खरीद नियमावली, २०६४ को नियम ८५(४) मा एकलाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तीन वटा आपुर्तिकर्तासँग लिखित रुपमा दरभाउ माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार खरिद गर्दा दररेट माग नगरी खरिद गरेको छ । यसरी ऐन कानुनले तोकेको कार्यविधिको पालना नगरी खरिद गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

गौ.भ नं./मिति	कार्यक्रम	खरिद	रकम
३९/२०८१/०२/१७	आँप,लिची,जुनार र लप्सी प्रबर्द्धन कार्यक्रम	विषादी	१,०८,०००
२२।२०८०।९।१३	विभिन्न स्वास्थ्य दिवस	कार्ड छपाई	१,२४,८१६
२२५।२०८१।३।२२	उद्यम विकास	HDEP पाईप खरिद	१,२३,१९०
१२।२०८०।११।१०	विद्यालयमा ई-हाजिरी	E-Attendence device	२७००००
१४।२०८०।११।१४	नगरस्तरिय प्रतिभाको खोजि	Brother Printer 4 pcs	१०२०००
जम्मा			७,६८,००६

अनियमित भएको	७,२८,००६

९४ **वितरणमुखी खर्च-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरि अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । सार्वजानिक स्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ । समानीकरण चालुतर्फको नमूना छनौट गरी भौचर परीक्षण गर्दा देहायबमोजिमका अनुत्पादक प्रयोजनमा रु. १९ लाख ६८ हजार २७९ खर्च गरेको देखिन्छ । यसरी हुने खर्चमा नियन्त्रण हुनुपर्दछ । केहि उदाहरणहरु

भौ.नं. र मिति	कार्यक्रम तथा भुक्तानी पाउने व्यक्ति/संस्थाको नाम	रकम रु.
५१।२०८१/२/३१	उप-प्रमुख सुत्केरी भेटघाट	४१६२५०
३।२०८०।०९।०६	चित्रकला प्रतियोगिता	२६७१०
७।२०८०।०९।२५	चित्लाङ् समाज भलिबल प्रतियोगिता	८००००
९।२०८०।१०।७	न्यू हिमचुली स्पोटिङ युथ क्लब भलिबल प्रतियोगिता	५००००
२०।२०८०।१२।१८	उप-मेयर महिला म्याराथन	१४९६५०
२१।२०८।०।१२।२०	स्थानीय राष्ट्रपति रनिङ् सिल्ड प्रतियोगिता	३४६७६२
२४।२०८१।०१	ब्याटमिन्टन प्रतियोगिता	६५०००
२७।२०८१।०३।१४	फुडबल ग्रासरुट कार्यक्र	२५८२७५
६।२०८०।०९।२६	मेयर शैक्षिक सुधार कार्यक्रम	१०००००
८।२०८०।१०।१८	मेयर शैक्षिक सुधार कार्यक्रम	३०००००
१४।२०८०।११।१४	नगरस्तरिय प्रतिभाको खोजि कार्यक्रम	२७५६३२
२२।२०८१।०२।२१	सिंहश्वेरी आ.विमा अक्षयकोष स्थापना	२०००००
जम्मा		१९,६८,२७९

९५ **अवकाश कोष**- (४ -२०८१-१-२३):

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्वन्धी कानुन बमोजिम अवकाश हँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोषको स्थापना गर्नुपर्ने छ । उक्त कोषमा स्थानीय तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने र स्थानीय सेवाका कर्मचारीहरु अवकाश हुँदा कानुन बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण र औषधी उपचार लगायतका सबै सुविधाहरु अवकाश कोषबाट उपलब्ध गराउनु पर्ने उल्लेख छ । कानुन बमोजिम अवकाश कोषको स्थापना तथा संचालन नगरी मिति २०८०/१२/०४ मा अनिवार्य अवकाश भएका कार्यालय सहयोगी, सहायक स्तर प्रथम श्रेणीका श्री लाल बहादुर तामाङलाई संचित घर बिदा , संचित विरामी बिदा, उपचार खर्च र उपदान खर्च उल्लेख गरी जम्मा रु.२०,३६,८६६। कर कट्टि गरी भुक्तानी दिएको पाईयो । यसरी भुक्तानी गर्दा दिर्घकालिन दायित्व बढ्दै जाने तथा कर्मचारीले सेवा सुविधाबाट बञ्चित हुने अवस्था समेत सृजना हुने भएको हुँदा उक्त कानुनी व्यवस्थाको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । ऐनले व्यवस्था गरेबमोजिम अबकाश कोषको संचालन नगरी आन्तरीक स्रोतबाट अवकाश पश्चात प्राप्त गर्ने सुविधा उपलब्ध गराएको हुँदा अनियमित देखिएको रु.

अनियमित भएको	२०,३६,८६६

९६ **मेड्पा कार्यक्रम-**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५(१) मा स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि दफा ६ बमोजिमको योग्यता पुगेको व्यक्तिहरु मध्येबाट प्रतिष्पर्धाको आधारमा उद्यम विकास सहजकर्ता छनौट गर्नुपर्ने व्यबस्था छ । साथै निर्देशिकाको दफा ५(७) मा छनौट भएका सहजकर्तासँग कार्यालयले करार सम्झौता गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम सञ्चालन गर्दा सहजकर्तासँग सम्झौता गरी सहजकर्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेमा निम्नासारको तालिम सञ्चालन गर्दा सहजकर्ताको प्रमाणपत्र संलग्न नगरेको साथै करार सम्झौता समेत गरेको नदेखिएकाले प्रमाण पेस गर्नुपर्ने रु.

गो.भौ. र मिति	कार्यक्रम/तालिम	रकम	कैफियत
११।२०८१।०२।२०	उद्घोषण कला	१०३२९०	सहजकर्ता प्रमाणपत्र नभएको
१६।२०८१।०३।०२	रुद्राक्षको माला तथा शुभ-विवाह माला	१९८५४०	सम्झौता तथा सहजकर्ता प्रमाणपत्र नभएको
१७।२०८१।०३।०६	विद्युत वाईरिङ	१४९५००	सम्झौता नभएको
२२५।२०८१।०३।२२	बाख्रा पालन	३८१६९५	सहजकर्ता प्रमाणपत्र नभएको
	अलैची उत्पादन		सहजकर्ता प्रमाणपत्र नभएको
	मौरी पालन		सहजकर्ता प्रमाणपत्र नभएको
	होमस्टे		सम्झौता तथा सहजकर्ता प्रमाणपत्र नभएको
जम्मा		८,३३,०२५	

प्रमाण पेश नगरेको	८,३३,०२५

९७ **कार्यक्रमको अनुगमन मूल्याङ्कन नगरी अनुदान उपलब्ध गराएको-**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वियन म्यानुअल को परच्छेद ४ को बुँदा नं. ४.१.४ मा पकेट निर्धारणको लागि क्षेत्र क्षेत्र निर्धारण गरिएको छ तथा बुँदा नं. ४.१.१३ मा स्थानीय तहले अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व २०८०।८१ मा कार्यान्वियन भएका निम्न परियोजनाहरुको उत्पादन, प्रभावकारीता जस्ता पक्षको मूल्याङ्कन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्नेमा अनुगमन मूल्याङ्कन नगरी कृषक समूहसँग सम्झौता भएको छ जसले गर्दा पालिकाले उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छ भनि एकिन गर्न सकिएन । अत: पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्याङ्कन गरेर प्रभावकारी भएमा मा थप अनुदान उपलब्ध गराउनु पर्दछ ।

गो. भौ. नं. र मिति	समूहको नाम र कार्यक्रम	रकम
१३५।२०८१।०१।२०	जलदेवी कृषि समूह सुन्तला पकेट	४६४२५०
१५१।२०८१।०२।१३	मकैको बीँउ वितरण मकै पकेट	२०००००
२०१।२०८१।०२।१३	जलदेवी कृषि समूह सुन्तला पकेट	२०००००
	जम्मा	८६४२५०

९८ **नर्म्स भन्दा बढी भुक्तानी-**

अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुँदा नं. ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला संचालन सम्बन्धि खर्चको मापदण्ड उल्लेख छ । तालिम केन्द्र बाहेक अन्य निकायले संचालन गर्ने तालिममा कक्षा संचालन वापत ८ सय र कार्यपत्र वापत ७ सय पाउने उल्लेख छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने तर कार्यपत्रको बापतको रकम पाउने उल्लेख छ । पालिकाले निम्नानुसारको तालिम संचालन गर्दा निर्देशिका भन्दा बढी भुक्तानी गरेको पाईयो । अत: बढी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

गो.भौ र मिति	कार्यक्रम तथा स्रोत व्यक्तिको नाम	सेसन	कार्यपत्र सहित पाउनुपर्ने	खुद भएको भुक्तानी	बढी भएको रकम
२२५।२०८१।३।२२	होमस्टे सम्बन्धि तालिम				
	रुन्द्र प्रसाद घिमिरे (बाह्य प्रशिक्षक)	८	१०२००	२३४६०	१३२६०
	युवराज आचार्य (बाह्य प्रशिक्षक)	८	१०२००	२३४६०	१३२६०
४७।२०८१।०२।२४	पशुपालन सम्बन्धि तालिम				
	अजय मण्डल (पालिकाकै कर्मचारी)	२	११९०	२०४०	८५०
जम्मा					२७३७०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२७,३७०

९९ **अनुदानको अनुगमन-**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ४१ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरु विभिन्न कर्मचीबाट नगरिएको, कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको, कामको गुणस्तर र परीमाण समेत सन्तोषजनक भएको, स्वीकृत लागत र खर्चको सिमाभित्र रही कार्यक्रम संचालन गरिएको विषयमा सुनिश्चित भएको एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजानिक निकायबाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको सुनिश्चित गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाले कृषि, पशु तथा विभिन्न संस्थाहरुलाई बीउँ पुँजी तथा अनुदानमा खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको पाईएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुदानलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना हुन सक्ने सम्भावनालाई समेत ध्यानमा राखि अनुदानग्राहीको जीवनस्तरमा आएको सकारात्मक परीवर्तन एकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ । पालिकाबाट वितरण गरिएका केही अनुदानका उदाहरणहरु:-

क्र.स	गौ.भौ.नं मिति	अनुदानग्राहि/समुहको नाम	अनुदान रकम
१.	१८।२०८०/९/२४	जै घासको बिउ वितरण(२५५० के.जी)	२०००००।
२	४।२०८०/०६/२१	हिउँदे तरकारीको बीउँ वितरण	३,००,०००।
३	५६।२०८१/०२/३१	सयपत्री गाई भैसी पालन समुह	१,७२,३७५।
४	५७।२०८१/०२/३१	हलेशी गाई भैसी पालन समुह	१,७०,१८०।
५	६२।२०८१/०३/०२	वानेश्वर गाई भैसीपालन समुह	१,७४,१९१।
६	६३।२०८१/०३/०२	तिनतले गाई भैसि पालन समुह	१,७५,०००।
७	६५।२०८१/०३/०५	सिंहदेवि गाई भैसी पालन समुह	१,७५,०००।
८	६६।२०८१/०३/०५	झ्याउ पोखरी गाई भैसी पालन समुह	१,७३,३६७।
९	७१।२०८१/०३/०७	लालिगँरास गाई भैसीपालन समुह	१,७५,०००।
१०	७२।२०८१/०३/१३	पञ्चकन्या गाई भैसी पालन समुह	१,७१,९९७।
११	७३।२०८१/०३/१३	शिवालय गाई भैसी पालन समुह	१,७५,०००।
१२	७५।२०८१/०३/१५	लिवाङ्टार गाई भैसी पालन समुह	१७३३६७।
१३	७८।२०८१/०३/१९	धर्म देवी गाई भैसी पालन समुह	१,६१,७२२।
1४	५०।२०८१/२/२४	माछा पोखरी मर्मत तथा निर्माण 50% अनुदान	१३९६७१।
१५	६०।२०८१/३/१	माछा भुरा बितरण १००% अनुदान	१,०३,४३०।
१६	२०।२०८१।०३।१९	नुनढाकी महिना विकास समूह बंगुर वितरण	१,१२,०००।
१७	१०।२०८१।०३।१७	दिदिबहिनी आत्मनिर्भर संस्था बीँउ पूजि	४,५५,०००।
१८	४।२०८०।११।१५	मिनी टिलर वितरण ५० प्रतिशत अनुदान	५,९०,०००।
जम्मा			३६,२२,३००।

१०० **सामाजिक सुरक्षा तथा संरक्षणतर्फ (ब.उ.शि.नं.३१४०१०१२३)**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१२,५०,९१,३५७/८४ प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

१०१ **सामाजिक सुरक्षातर्फ बढी निकासाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने सम्बन्धि व्यवस्था छ। नगरपालिकाबाटसामाजिक सूरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।तर नगरपालिकाले मृत्यु भइसकेका देहायका लाभग्राहीहरुको

लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ।नगरपालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरुलाई पाउने रकम भन्दा बढी रु.१,४३,०९२/-रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

त्र:स	नाम	वडा नं.	लक्षित समूह	परिचयपत्र नं.	जन्म मिति	नागरिकता नं.	लगत कट्टाको कारण	लगत कट्टा लागु मिति	निकासा हुनुपर्ने रकम	निकासा भएको रकम	बढी निकासा रकम
१	रत्नमाया राई	१	अन्य जेष्ठ नागरिक भत्ता	2010061401904	6/14/2010	१५८९	मृत्यु	7/20/2080	१४६६६	३६०००	२१३३४
२	बलबहादुर राई	१	अन्य जेष्ठ नागरिक भत्ता	2006050107163	5/1/2006	१०२१-२२१	मृत्यु	10/25/2080	२७३३३	३६०००	८६६७
३	पदममाया गुरुङ	१	अन्य जेष्ठ नागरिक भत्ता	2005060600292	6/6/2005	३१३	मृत्यु	2/27/2081	४३६००	४८०००	४४००
४	कर्णमाया चाम्लिङ	२	अन्य जेष्ठ नागरिक भत्ता	2003091202163	9/12/2003	१३०८-१०७	मृत्यु	11/27/2080	२३६००	३६०००	१२४००
५	धनबहादुर राई	२	अन्य जेष्ठ नागरिक भत्ता	1999051501031	5/15/1999	१५०२-१००	मृत्यु	7/6/2080	१२७९९	२४०००	११२०१
६	पद्मनारायण राई	४	अन्य जेष्ठ नागरिक भत्ता	2010091302627	9/13/2010	१७४७२८१६	मृत्यु	11/21/2080	३०८००	४८०००	१७२००
७	मधुमाया राई	४	जेष्ठ नागरिक एकल महिला	2013123007753	12/30/2013	८२०-६४	मृत्यु	11/7/2080	१८०००	२७२२०	९२२०
८	वालेतामाङ	९	अन्य जेष्ठ नागरिक भत्ता	2003021503623	2/15/2003	११५७-२१६	मृत्यु	12/20/2080	३४६६६	४८०००	१३३३४
९	कृष्णमाया चाम्लिङ	९	अन्य जेष्ठ नागरिक भत्ता	2003030601293	3/6/2003	८१९-४३४	मृत्यु	1/28/2081	३९७३३	४८०००	८२६७
१०	मानबहादुर कटुवाल	१०	अन्य जेष्ठ नागरिक भत्ता	1993123031564	12/30/1993	१७४-५५४	मृत्यु	12/23/2080	३५०६६	४८०००	१२९३४
				1990123036767	12/30/1990			2/18/2081			

११	विष्णुमाया राय	११	अन्य जेष्ठ नागरिक भत्ता			२२२८	मृत्यु		४२३९९	४८०००	५६०१
१२	मनकुमारी राई	११	अन्य जेष्ठ नागरिक भत्ता	2004123023403	12/30/2004	२१२६-१६५४७	मृत्यु	8/11/2080	१७४६६	३६०००	१८५३४
			जम्मा						३४०१२८	४८३२२०	१४३०९२

असुल गर्नुपर्ने	१,४३,०९२

१०२ **निष्कृय लाभग्राहीः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैँक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कृषि बिकास बैंक लिमिटेड,ग्लोबल आई एम ई बैंक लि तथा राष्ट्रिय बाणिज्य बैंक मार्फत मार्फत सम्बन्धितको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु.१२,५०,९१,३५७/८४ निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो । नगरपालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन । कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी नगरपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१०३ **लगत कट्टाको बिबरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ।नगरपालिकाले लेखापरीक्षणको क्रममा तपसिलको लाभग्राहीको लगत कट्टा गरिएको विवरण पेश गरेकोमा कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी लगत कट्टा हुनुपर्नमा उक्त प्रकृया पुरा गरेको देखिएन।अतःलगत कट्टा समयमै अद्यावधिक गरी मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।

सामाजिक सुरक्षा किसिम								
वडा नं	ज्येष्ठ नागरिक अन्य	ज्येष्ठ नागरिक दलित	ज्येष्ठ नागरिक एकल महिला	विधवा	पूर्ण अपाङ्गता	अति अशक्त अपाङ्गता	दलित वालवालिका	जम्मा
१	१३	०	०	०	०	०	०	१३
२	६	०	०	०	०	०	६	१२
३	५	०	०	०	०	०	१	६
४	८	०	१	०	२	०	१	१२
५	२	२	०	०	०	०	१	५
६	७	०	०	०	०	०	८	१५
७	९	१	०	०	३	०	७	२०
८	२	०	०	०	०	०	२	४
९	८	०	०	०	०	०	२	१०
१०	१६	०	०	०	०	०	३	१९
११	५	०	०	०	०	०	१५	२०
	८१	३	१		५	०	४६	१३६

१०४ **प्रतिबेदनः**

सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनुपर्ने व्यवस्था छ । नगरपालिकाबाट यस सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।

निरीक्षण तथा अनुगमनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई,प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

पारदर्शिता : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नामनामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि नगरपालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन।नगरपालिकाले कार्यबिधिको पालना गर्नुपर्दछ।

१०५ **मृत्यु भएका लाभग्राहीको लगत कट्टा नगरी भत्ता बितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ (१)मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ।त्यस्तै सोही कार्यबिधिको बुँदा नं ११ (२) अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन नियमावली तथा कार्यविधि बमोजिम लगतकट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्नेछ । कुनै लाभग्राहीका प्रचलित कानुनबमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष वडा सदस्य वा

वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारीकुनै स्रोतबाट प्राप्त भएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगतकट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अध्यावधिक गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ।नमूना परिक्षण गर्दा नगरपालिका अन्तर्गतका निम्नानुसारका वडाका देहायका लक्षित समूहका लाभग्राहीहरुको मृत्यु भईसकेको अबस्थामा पनि प्रणालीबाट लगत कट्टा नगरी स्थानीय तहको मूल अभिलेखमा समेत नजनाई आर्थिक बर्ष २०८०।८१ को देहायको अबधिको सामाजिक सुरक्षा भत्ता रकम भुक्तानी गरेको देखिएकोले लगत कट्टा हुने मिति भन्दा पछिको रु.१,७५,३३३/- रकम सम्बन्धितबाट असूल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.

क्र सं	लाभग्राहीको नाम	वडा नं	लक्षित समूह	परिचयपत्र नं.	नागरिकता नं र जारी जिल्ला	कारण	मृत्यु भएको मिति	भुक्तानी हुनु पर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी
१	सुखमती शेर्पा	२	अन्य जेष्ठ नागरिक भत्ता	१९९२०३०७००२१२	४८४- १०२७ ताप्लेजुङ	मृत्यु	२०८०।०६।१५	८०००	४८०००	४००००
२	धनमाया तामाङ	२	अन्य जेष्ठ नागरिक भत्ता	२००७०१०९००२०२	११६४-१२९ संखुवासभा	मृत्यु	२०८०।१२।२४	३५२००	४८०००	१२८००
३	नरपतिगौतम	२	अन्य जेष्ठ नागरिक भत्ता	१९९९१२३०४६९४६	१५७४-१८६७४ संखुवासभा	मृत्यु	२०८०।१२।१६	३४१३३	४८०००	१३८६६
४	सन्च मायातामाङ्	४	अन्य जेष्ठ नागरिक भत्ता	१९९७१२३०४०८१४	५२७ संखुवासभा	मृत्यु	२०८०।४।२०	२६६६	४८०००	४५३३३
५	तेजबहादुर जिमी	४	अन्य जेष्ठ नागरिक भत्ता	१९९६१२३०३९९३३	१९६१ संखुवासभा	मृत्यु	२०८१।२।०८	३४९३३	४८०००	१३०६६
६	रत्नकुमारी राई	११	अन्य जेष्ठ नागरिक भत्ता	२००७१२३०१८८९४	९-२७७ संखुवासभा	मृत्यु	२०८०।९।२९	२४०००	४८०००	२४०००
७	थामबहादुर राई	११	अन्य जेष्ठ नागरिक भत्ता	२०१००८२४०१३३९	१४७४-३०३४२ संखुवासभा	मृत्यु	२०८०।८।१३	२१७३२	४८०००	२६२६८
		जम्मा						**१६०६६७**	**३३६०००**	**१७५३३३**

असुल गर्नुपर्ने	१,७५,३३३

१०६ **बैंङ्क मार्फत भत्ता बितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २१ मा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । नेपाल राजपत्रमा २०७७।७।२४ मा प्रकाशित सूचना अनुसार २०७७।८।१ देखि अनिवार्य रुपमा बैंङ्किङ प्राणाली मार्फत सामाजिक भत्ता वितरण गर्नुपर्ने उल्लेख रहेकोमा नगरपालिकाले आर्थिक बर्ष २०८०।८१ मा सम्पूर्ण लाभग्राहीहरुको भत्ता रकम कृषि बिकास बैंक लिमिटेड,ग्लोबल आई एम ई बैंक लि तथा राष्ट्रिय बाणिज्य बैंक मार्फत सम्बन्धितको खातामा जम्मा गरेको बिबरण पेश गरेको छ ।

१०७ **बैंङ्कमा बचत रहेको रकमः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २१ मा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । नेपाल राजपत्रमा २०७७।७।२४ मा प्रकाशित सूचना अनुसार २०७७।८।१ देखि अनिवार्य रुपमा बैंङ्किङ प्राणाली मार्फत सामाजिक भत्ता वितरण गर्नुपर्ने व्यबस्था अनुसार यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा सम्पूर्ण लाभग्राहीहरुको भत्ता रकम बैंक मार्फत सम्बन्धितको खातामा जम्मा गरेको बिबरण पेश गरेकोमा देहायका लाभग्राहीको नाममा रकम जम्मा नभई देहायको बैंकमा बचत रहेको देखिएको रु.१२७४७५/- रकम बैंकबाट फिर्ता गरी संघीय संचितकोषमा दाखिला हुनु पर्ने रु.

क्र.सं.	परिचयपत्र नं.	नाम	लिङ्ग		
				फिर्ता गर्नु पर्ने रकम	सेवाप्रदायक बैंक
१	१९९७०९०९००६६९	हर्क बहादुर श्रेष्ठ	पुरूष	१२०००	कृषिविकास बैंक लि. , Branch Office, Chainpur
२	२००३१२३२०७३०२	छेम्वी शेर्पा	पुरूष	१२०००	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
३	२००५१२३०१९७९३	डम्वर कुमारी भण्डारी	महिला	१२०००	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
४	१९९२१२३०८५३६४	भिमा देवी दाहाल	महिला	१२०००	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
५	२०१०१२२००४७१३	शिव बहादुर अधिकारी	पुरूष	१२०००	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
६	२०१०१२२७०३२८३	पवित्रा माया मगर	महिला	१२०००	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
७	२०११०४२२०२४४५	भिम बहादुर खड्का	पुरूष	१२०००	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
८	२०१२०३०५०७०२७	विष्णु माया खड्का	महिला	१५९६	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
९	२०१२०१२६०१३२७	नर माया कार्की	महिला	३५९१	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
१०	२००९१२२१०२७३३	विर बहादुर जोशी	पुरूष	३८६७	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
११	१९९७१२३०४१४९९	देवी माया खड्का	महिला	५८६६	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
१२	१९९९१२३०४८३१८	फूल माया तामाङ	महिला	१८६७	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
१३	२००२०६०२००८७४	हस्त बहादुर तामाङ	पुरूष	२४८२	कृषि विकास बैंक लि. , Branch Office, Chainpur
१४	२०१२०३०३०२८४१	दुर्गा देवी खत्री	महिला	७९८०	ग्लोबल आइएमई बैंक लि., Chainpur Branch
१५	१९९९१२३०४९१०५	मन माया तामाङ्	महिला	३९९०	ग्लोबल आइएमई बैंक लि., Chainpur Branch
१६	२००३०१२६००५३४	दील माया कर्डेल	पुरूष	१५९६	ग्लोबल आइएमई बैंक लि., Chainpur Branch
१७	२००७०१०१२५७४१	गणेश बहादुर खत्री	पुरूष	७९८०	ग्लोबल आइएमई बैंक लि., Chainpur Branch
१८	२०११०६२३००४९१	जय बहादुर भण्डारी	पुरूष	२६६०	ग्लोबल आइएमई बैंक लि., Chainpur Branch
		जम्मा		१२७४७५	

असुल गर्नुपर्ने	१,२७,४७५

१०८ **कार्यसम्पादन जमानतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा बोलपत्रदाताले लागत अनुमानभन्दा १५ प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबुल अङ्कको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गरी ऐनको दफा ५२ बमोजिम खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ ।साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुँदा नं.५०.१ मा समेत सो सम्बन्धमा उल्लेख छ । पालिकाले निम्नानुसार निर्माण कार्यको सम्झौता गर्दा ऐनको व्यवस्थाअनुसारको भन्दा घटी कार्यसम्पादन जमानत पेश गरेको अवस्थामा समेत सम्झौता गरेको देखियो। अत: ऐनको व्यवस्थाअनुसार म्याद भएको कार्यसम्पादन जमानत थप भएको प्रमाण पेश हुनुपर्ने रु.

ठेक्का नं	**निर्माण व्यवसायी/उपभोक्ता समिति**	**हुनुपर्ने कार्यसम्पादन जमानत रकम**	**पेश भएको कार्यसम्पादन जमानत रकम**	**फरक रकम**
७-०८०।८१	डोमा कन्सट्रक्सन एण्ड सप्लायर्स:११ नंवडा कार्यालय भवन निर्माण	४५०७१७	४३५०००	१५७१७
			प्रमाण पेश नगरेको	१५,७१७

१०९ **समपुरक अनुदानः**

नेपाल सरकारको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं.६ मा आयोजनाको प्रकृति, प्राथमिकता, दिगोपनार सम्भाव्य उपलब्धीको आधारमा प्रदेश तथा स्थानीय तहलाईआयोजनाको कूल लागतको अधिकत ५० प्रतिशत सम्मको रकम समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ। सो अनुसार आयोजना वा कार्यक्रमका लागि भुक्तानी गर्दा अधिकतम ५०:५० प्रतिशतका दरले भुक्तानी गर्नुपर्ने देखिन्छ। पालिकाबाट समपुरक अनुदानमा सञ्चालित योजना/कार्यक्रममा निम्नानुसार फरक खर्च लेखेको देखिएकोले कार्यविधिमा उल्लेख भएभन्दा बढी अंश बेहोर्ने गरी खर्च लेखेको रकम सङ्घीय सञ्चित कोष फिर्ता हुनुपर्ने देखिएको रु.२२५८५२

सि.नं.	योजनाको नाम	अन्तिम बिलसम्मको भुक्तानी रकम	संघ समपुरक अनुदानबाट भुक्तानी रकम	पालिकाको श्रोतबाट भुक्तानी रकम	संघ समपुरकबाट भुक्तानी हुनुपर्ने रकम	फरक रकम
१	चैनपुर रातामाटे बरेंदेखि मावादिन सडक निर्माण ठेक्का नं.४-०८०।८१	२६४९६६६३	१३११५४९२	१३३८११७१	१३२४८३३२	(१३२८४०)
२	चैनपुर सिरानदेखि सिद्धकाली जाने सडक निर्माण ठेक्का नं.५-०८०।८१	२२२५४४०६	११३१४९१३	१०९३९४९३	१११२७२०३	१८७७१०
३	कन्टिन्जेन्सी खर्च २ योजनाको (३ प्रतिशत)	८१८१२०	८१८१२०	०	६४७१३८	१७०९८२
					जम्मा	२२५८५२
					प्रमाण पेश नगरेको	२,२५,८५२

११० **स्थान परिवर्तन गरी खर्च:**

नेपाल सरकारको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा ९क मा विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनौट भएको आयोजना/कार्यक्रमका लागि विनियोजित बजेट रकम सो बाहेकको योजनामा स्थानान्तरण गर्न, आयोजना स्थल परिवर्तन गर्न वा विनियोजित रकमबाट अन्य कार्यक्रममा रकमान्तर गरी खर्च गर्न नपाईने उल्लेख छ। विशेष अनुदान कार्यक्रम अन्तर्गत चैनपुर नगरपालिका वडा नं. ६ को फोहोरमैला व्यवस्थापन एवं सोको लागि सडक स्तरवृद्धि गर्ने कार्यका लागि पालिकाले विशेष अनुदान प्राप्त गरेकोमा उक्त रकमबाट फरक स्थान अर्थात वडा नं. ३ को फोहोरमैला व्यवस्थापनका लागि उल्लेख गरी नाली निर्माण, ग्याबियन,

पोखरी सडक मर्मत लगायतका कार्यमा कोटेशन विधिमार्फत कार्य गराई थुलुङ्ग कन्सट्रक्सन प्रा.लि.लाई गो.भौ.नं.२८-०८०।१२।०२ बाट रु.९८७३४४।– भुक्तानी गरेको देखियो । यसरी एक योजना स्थलको लागि विनियोजित रकमबाट अर्को स्थानमा निर्माण कार्य गराई भुक्तानी गरेको कार्य कार्यविधि विपरित भएकोले अनियमित देखिएको रु.९८७३४४

अनियमित भएको	९,८७,३४४

१११ **म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ पालिकाले सम्झौताअनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।

ठेक्का नं	ठेक्काको विवरण	सम्झौता मिति	सम्झौतारकम	शुरु सम्झौतानुसार सम्पन्नगर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अबधि	सुरु अबधिको म्याद थप प्रतिशत
९-०७७/७८	१५ शैय्याको अस्पताल भवन निर्माण	२०७८।३।२२	१२७०५७६८०८।६४	२०८०।३।२०	३३६७७६३३।०१	२०८२।२।३०	९५.८
१-०७९/८०	सिद्धपोखरी स्वास्थ्यचौकी भवन निर्माण	२०७९।१२।१०	१३६१५४१२।५१	२०८०।६।३०	१२२३३१७१।८०	२०८१।२।३०	१२०

पालिकाले उपलव्ध गराएको विवरणअनुसार हाल गत विगतदेखि चालु रहेका २ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको ५० प्रतिशत अवधिभन्दा बढी म्याद थप भएको २ ठेक्का रहेका छन।सो मध्ये १५ शैय्या अस्पताल भवन निर्माण कार्यको यस वर्षसम्मको भौतिक प्रगति २६.६७ प्रतिशत मात्र रहेकोले न्यून कार्य प्रगति भएको देखियो।सम्झौता गर्दाको अवस्थामा शुरु सम्झौतानुसारको अवधि व्यतित भएपश्चात म्याद थप नहुने उल्लेख भएतापनि एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन।सम्झौतामा व्यवस्था भए अनुसारको कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

११२ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। संघ समपुरक अनुदान अन्तर्गतको ठेक्का नं.५-०८०।८१ चैनपुर सिरानदेखि सिद्धकाली जाने सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी काका निर्माण सेवासँग २०८०।९।२५ मा २०८१।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.२२७६४९९८।– को सम्झौता भएकोमा यस वर्ष अन्तिम बिलसम्म रु.२२२५४४०६।- को कार्यसम्पन्न भई भुक्तानी भएको देखियो। भेरियशनबाट संशोधित सम्झौता रकम रु.२२३५९५१३।– कायम भएको उक्त निर्माण कार्यको गो.भौ.नं.२९१-०८१।३।१७ बाट अन्तिम बिलवापतको रकम भुक्तानी गर्दा आइटम नं.४ को Dry stone soling कार्यको नापी किताब अनुसार १२.२१ घनमिटर कार्य भएको उल्लेख गरेकोमा ३३.७१ घनमिटर

कार्यको प्रति घनमिटर रु.३००० का दरले भुक्तानी भएको देखियो ।अत: नापी किताबमा उल्लेख भएभन्दा बढी कार्य परिमाण २१.५ घनमिटरको प्रतिघनमिटर रु.३००० का दरले बढी भुक्तानी भएको रकम रु.६४,५००।- मा मूल्य अभिवृद्धि करसमेत रु.७२,८८५/- असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	७२,८८५

११३ **नापी किताबभन्दा बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं.९-०८०।८१ चैनपुर पोखरी साउने खोल्सा सडक मर्मत कार्यका लागि २०८१।१।२६ मा २०८१।३।१५ भित्र कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायी सत्य साई निर्माण सेवासँग रु.८१९३९७२।३९ को सम्झौता भएकोमा यस वर्ष प्रथम र दोस्रो रनिङ्ग बिलवापत रु.७५२३२०३।७२ को कार्य भई भुक्तानि भएको देखियो । तत्पश्चात वर्षात एवं प्राविधिक कारणले कार्य सम्पन्न हुन नसकेको उल्लेख गरी २०८१।३।२५ देखि २०८१।५।१० सम्म म्याद थप माग गरेको उक्त निर्माण कार्यको म्याद थप भएको देखिएन । पालिकाले सो निर्माण कार्यको दोस्रो रनिङ्ग बिल वापत गो.भौ.नं.९-२०८१।३।२४ बाट रकम रु.५५४०९६२।– भुक्तानी गरेकोमा आइटम नं.३ Dry stone soling कार्यको नापी किताबअनुसार २२.१७ घनमिटर कार्य भएकोमा २६.२२ घनमिटर कार्यको प्रतिघनमिटर रु.३३०० को दरले भुक्तानी भएको देखियो। अत: नापी किताबभन्दा बढी भुक्तानी परिमाण ४.०५ घनमिटर कार्यको प्रतिघनमिटर रु.३३०० का दरले हुने रकम रु.१३३६५।– मूल्य अभिवृद्धि करसहित रु.१५१०३ असुल हुनुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१५,१०३

११४ **बीमा नगराई निर्माण कार्य गरेकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।सोही नियमावलीको नियम ११२ को उपनियम (३क) मा उपभोक्ता समितिबाट २० लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च बेहोर्ने रकम समावेश गरी सोही रकमबाट बीमा गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न निर्माण कार्यका लागि निर्माण व्यवसायी एवं उपभोक्ता समितिमार्फत कार्य गराएकोमा बीमा नगराई निर्माण कार्य गरेको नियमविपरित देखियो। नियमावलीको व्यवस्था बमोजिम बीमा गराएर मात्र निर्माण कार्य गर्नुपर्दछ ।

ठेक्का नं	निर्माण व्यवसायी/उपभोक्ता समिति	सम्झौता रकम	बिओक्यूमा बीमा रकम
१-०७९।८०	एस एण्ड एस भोजपुरे कन्सट्रकसन: सिद्धपोखरी स्वास्थ्य चौकी मैदाने भवन निर्माण	१६७६१५४३।१९	९००००
३-०८०।८१	काका निर्माण सेवा: खराङ्ग हात्तीसुडे पिलुवा दोभान सडक स्तरोन्नती	२८८६००६५।३४	१०००००
७-०८०।८१	डोमा कन्सट्रक्सन एण्ड सप्लायर्स :११ नं.वडा कार्यालय भवन निर्माण	५३०७३१९।६२	१०००००
८-०८०।८१	चन्दाछा निर्माण सेवा:८ नं.वडा कार्यालय भवन निर्माण	४८०८९२१।-	१०००००
९-०८०।८१	सत्य साई निर्माण सेवा:चैनपुर पोखरी साउनेखोल्सा सडक मर्मत	८१९३९७२।३९	नभएको
	सिद्धकाली स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति	४३६१२४४।६०	नभएको

११५ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ।पालिकाले आर आर एन खानेपानी मर्मतवापत गो.भौ.नं.२१६-२०८१।२।३ बाट उपभोक्ता समितिलाई रु.१,४६,८५७।– भुक्तानी गरेकोमा Dry Random rubble masonry कार्यको दररेट विष्लेषण अनुसार प्रति घनमिटर रु.३९४०

हुनेमा ओभरहेड सहितको प्रति घनमिटर दररेट रु.४५३१ का दरले कार्य गराई ६.८४ घनमिटर कार्यको भुक्तानी गरेको देखियो ।अत: ओभरहेड सहितको दररेट भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु. ४०४२/- असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	४,०४२

११६ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले साझखोला उत्तिसे हुँदै रिपिनी कूलो मर्मत कार्यको लागि उपभोक्ता समितिलाई गो.भौ.नं.१७३-२०८१।१।१८ बाट रु.१०००००० भुक्तानी दिएकोमा पिएन १०, ४० एमएम पाइपको तौल प्रति रनिङ्ग मिटर ०.३६ किलोग्राम हुनेमा उपभोक्ताले ४४० रनिङ्ग मिटर पाइप खरिद गरेको विल पेश गरेको देखियो । उपभोक्ताले पेश गरेको विजकअनुसार १५८.४ किलोग्राम पाइपको कार्य हुनेमा विलमा १७०.२८ किलोग्राम पाइप प्रयोग भएको उल्लेख गरी भुक्तानी भएकोले बढी भुक्तानी परिमाण ११.८८ किलोग्रामको प्रति किलोग्राम रु.३४७ का दरले हुने रकममा जनश्रमदान वापतको १० प्रतिशत रकम कट्टा गरी हुने रकम असुल गर्नुपर्ने रु.३७१०

असुल गर्नुपर्ने	३,७१०

११७ **करुवा पार्क निर्माण:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही स्थानीय बजारमा प्रचलित दरभाउ, सम्बन्धित सार्वजनिक निकाय वा सो सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च एवं उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। पालिकाले उपभोक्ता समितिबाट गराउन नसकिने, रोजगारी सिर्जना नहुने एवं समुहको सहभागिता समेत नहुने ९०० केजीको १० फुटे कासको करुवा ल्याई स्थापना गर्ने कार्यका लागि लाग्ने निर्माण सामग्री, मेशिन, श्रमिक ज्याला र ढूवानी लगायत लागतको आधारमा रु.२०१६०००।– लागत अनुमान तयार गरी पालिकाबाट उक्त रकम बेहोर्ने गरी २०७८।१२।१५ मा २०७९।२।१५ भित्र कार्य सम्पन्न गर्ने गरी करुवा पार्क निर्माण समितिसँग सम्झौता गरेको देखियो । जस अनुसार उक्त लागत अनुमान तयार गर्दा लिएको आधारहरु खुलाएको देखिएन।सो निर्माण समितिले कासाको ढलौटको प्रति केजी दररेट माग गर्ने निर्णय गरी २०७८।१२।१६ मा ५ आपूर्तिकर्तासँग दररेट माग गरेकोमा २०७८।१२।२४ मा प्रति केजी रु.३०००।– कबोल गर्ने नालजोर्मा आर्टस प्रा.लि.बाट खरिद गर्ने निर्णय गरेको देखियो। त्यस्तै सो निर्णय अगावै गो.भौ.नं. १७४-२०७८।१२।१७ मा काँसा र मास्टरपिस बापतको रकम माग गरेको बिलको आधारमा समितिलाई रु.१००५०००।– भुक्तानी गरेकोमा करिब १ वर्ष पश्चात २०७९।१२।२५ मा मात्र निर्माण समितिले २०८० आषाढ मसान्तभित्र भित्र कार्य सम्पन्न गर्ने गरी १००० केजी परिमाणको करुवा ढुवानी सहित रु.२०१६००० मा उपलब्ध गराउने र सो करुवाको मोडल चैनपुरमा निर्मित अनुसारको हुनुपर्ने उल्लेख गरी नालजोर्मा आर्टस प्रा.लि.सँग सम्झौता गरेको देखियो ।आपूर्तिकर्ताले २०८०।१।२६ मा चैनपुरको जिरो प्वाइन्टमा करुवा ल्याई स्थापित गरेकोमा उक्त करुवा चैनपुरे मोडलको नभएको स्थानीयहरुको गुनासो रहेकोले समितिले प्रतिस्थापनको निर्णय गरेको देखिन्छ । सो पश्चात निर्माण कार्य ठूलो भएकोले कठिनाई भएको उल्लेख गरी निर्माण समितिले २०८०।१०।३ मा लागत अनुमान संशोधन गर्ने निर्णय गरे अनुरुप २०८०।१०।८ मा ७९० केजीको काँस ढलौटको करुवा निर्माण गरी स्थापित गर्न रु.२४४६७००।– को लागत अनुमान तयार गरी पालिकाबाट रु.२०१६०००।– बाँकी जनश्रमदानबाट हुने गरी लागत अनुमान संशोधन गरी सोही अनुसार भुक्तानी गरेको देखियो । अत: उक्त कार्य २०७९।१२।२५ मा आपूर्तिकर्तासँग गरेको सम्झौताअनुसार नदेखिएकोले सोको यथार्थता समेत यकिन गर्न सकिएन।यस वर्ष २०८१।२।३२ मा संशोधित लागत अनुमानअनुसार ७९० केजीको चैनपुरे करुवा चैनपुरको जिरो प्वाइन्टमा स्थापित गरेको उल्लेख गरी रु.२४४३७००।– को कार्यसम्पन्न प्रतिवेदन एवं विल भरपाईको आधारमा करुवा पार्क निर्माण समितिलाई गो.भौ.नं.२५८-२०८१।३।४ बाट रु.१००८५२८।– समेत उक्त कार्यका लागि पालिकाले

रु.२०१३५२८।– खर्च गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा उल्लेख भएअनुसार योजना छनौट गर्दा दीर्घकालीन प्रकृतिका दिगो विकासमा योगदान हुने एवं उत्पादनमूलक योजनालाई प्राथमिकता नदिई योजना तय गर्ने, लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ९ अनुसारका ध्यान दिनुपर्ने विषयको आकलन नगरी तयार गर्ने एवं प्रतिस्पर्धात्मक खरिद विधि अबलम्बन नगरी जनसहभागिता नै नहुने सामान खरिदको कार्य समेत उपभोक्ता समितिमार्फत गर्ने गरी लागत अनुमान तयार गरी सो अनुसार गराएको कार्यको उपादेयता समेत नदेखिएकोले यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी प्रवर्द्धन गर्नुपर्दछ ।

११८ **फरक नर्म्स:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक सम्बन्धी निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत सडक विभागको नर्म्स प्रयोग गरी प्रति इकाई दर रेट निर्धारिण गर्नुपर्नेमा पालिकाले भवन निर्माण सम्बन्धी नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको देखियो ।नमूना छनौट गरी परीक्षण गर्दा निम्न योजनाको कार्यमा सडकको नर्म्स प्रयोग नगरी फरक नर्म्स अनुसार लागत अनुमान तयार गरेका कारण सोही दरमा उपभोक्ता समितिसँग सम्झौता भई उपभोक्ता समितिलाई जनश्रमदान बाहेकको भुक्तानी भएकोमा निम्नानुसार रु.१७४४४० रकम बढी भुक्तानी भएको देखिएको रु.

गो.भ.नं.,मिति	विवरण	परिमाण	सम्झौता/भुक्तानी भएको दर	सडक विभागको स्वीकृत नर्म्स अनुसार स्वीकृत दर	फरक दर	रकम रु.	उ स को योगदान	उ स को योगदान बाहेकको रकम
२७०-२०८१।३।७ चित्लाङ धन्सारबाट पेवादिन जाने बाटो ढलान	पिसिसि १:२:४ (घनमिटर)	५१.३८	१२००६.२९	१०७०८.५४	१२९७.७५	६६६७८.४०	६६६७.८४	६००१०.५६
२४६-२०८१।२।३० पोखरी मङ्गलचोक सडक स्तरोन्नती	पिसिसि १:२:४ (घनमिटर)	३.५४	१३८६८.८०	१०७०८.५४	३१६०.२६	११९८७.३२	१११८.७३	१००६८.५९
१७५-२०८१।१।१८ पोखरी भञ्ज्याङ्ग रोटेपिङ सडक ढलान	पिसिसि १:३:६ (घनमिटर)	६७.९४	१०२५१.०१	९४१३.११	८३७.९०	५६९२६.९३	५६९२.६९	५१२३४.२४
	१:६ स्टोन मेशनरी वर्क (घनमिटर)	१८	९२९१.५५	८८४८.७३	४४२.८२	७९७०.७६	७९७.०८	७१७३.६८
४७-२०८०।१०।७ पोखरी जाने सडकबाट क्याम्पस जाने सडक ढलान	पिसिसि १:२:४ (घनमिटर)	१२.२१	१२५१६.२९	१०७०८.५४	१८०७.७५	२२०७२.६३	२२०७.२६	१९८६५.३७
३३-२०८०।९।२३ कृष्ण बहादुर कार्कीको घरछेउबाट पालेश्वर गुफा जाने सडक	पिसिसि १:२:४ (घनमिटर)	१०.५५	१२४९६.४८	१०७०८.५४	१७८७.९४	१८८६२.७७	१८८६.२८	१६९७६.४९
७८-२०८०।११।९ भरत श्रेष्ठको घर हुँदै मेनरोड जोड्ने बाटो	पिसिसि १:२:४ (घनमिटर)	५.६०	१२५१६.२९	१०७०८.५४	१८०७.७५	१०१२३.४०	१०१२.३४	९१११.०६
					जम्मा	१९३८२२.२१		
					१०% जनश्रमदान	१९३८२.२२		
					खुद भुक्तानी	१७४४३९.९९		

असुल गर्नुपर्ने	१,७४,४३९.९९

११९ **योजना छनौट एवं कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा मध्यम एवं दीर्घकालीन प्रकृतिका दिगो विकासमा योगदान हुने, स्थानीय स्रोत साधन र सिपको अधिकतम उपयोग हुने, आम्दानी र रोजगारी वृद्धिमा सहयोग पुग्ने उत्पादनमूलक एवं छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ।पालिकाले यस वर्ष पूँजीगत बजेटबाट सुरक्षित जस्तापाता कार्यक्रम अन्तर्गत ०.४१ एमएम को कोरुगेटेड रङ्गीन जस्तापाता घरको छाना लगाएबापत वडा नं.११ का १० घरपरिवारलाई गो.भौ.नं. १७४-२०८१।१।१८ बाट रु.५०००००।– र वडा नं. १० मा सोही कार्यका लागि २० घरपरिवारका लागि गो.भौ.नं. १६९-२०८१।१।१६ बाट रु.७९५६५३।- खर्च लेखेको देखियो । पालिकाले सो कार्यक्रम सञ्चालनका लागि कार्यविधि तयार नगरेको एवं सङ्घीय

सरकारबाट पनि सोही प्रकृतिको सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वनयमा रहेकोले लाभग्राही छनौट संख्या, छनौटको आधार एवं प्राथमिकीकरण र सोको व्यवस्थित अभिलेखाङ्कन बेगर समानान्तर कार्यक्रम तय गरी खर्च गरेको उपयुक्त देखिएन।समानान्तर खालका कार्यक्रम तय गरी कार्यविधि बेगर खर्च गर्ने कार्यमा नियन्त्रण गरी उपलब्ध सिमित स्रोत साधनको उपयोगबाट दिगो विकासमा योगदान पुग्ने रोजगारीमूलक एवं उन्पादनमूलक योजनालाई प्राथमिकतामा राखी बजेट खर्च गर्नुपर्दछ ।

१२० **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण सम्बन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले नियमानुसार भुक्तानी दिन बाँकीको विवरण नराखी २०७८।१२।२३ मा २०७९।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी चैनपुर बृहत खानेपानी वितरण कार्यक्रमका लागि उपभोक्ता समितिसँग पालिकाबाट रु.११००००० बेहोर्ने गरी रु.१२२४२७५।९१ कोसम्झौता संलग्न गरेको देखियो । उक्त कार्यक्रम अन्तर्गत पाइप खरिद गरेको उल्लेख भएको २०७९।२।२४ को मिनु आइरन स्टोर्सको विजक रकम रु.९७८९२३।९७ एवं प्राविधिक प्रतिवेदनअनुसार पिएन १०, ४० एमएमको पाइप ११०० रनिङ्ग मिटर र पिएन १६, २० एमएमको पाइप ११९०० रनिङ्ग मिटर खरिद भएको कार्यसम्पन्न रकम रु.६७५९३६।०९ एवं उपभोक्ता समिति र वडा नं. ११ को २०८०।५।१० को सिफारिसको आधारमा गो.भौ.नं.५७-२०८०।५।२० बाट मिनु आइरन स्टोर्सलाई रु.५,९८,२१२।– मर्मत सम्भार कोषबाट भुक्तानी गरेको देखिएकोले सोको यथार्थता यकिन गर्न सकिएन। नियमावलीको व्यवस्थाअनुसार गत विगतको भुक्तानी बाँकीको प्रमाणित विवरण नराखी विगतको भुक्तानीको लागि आवश्यक बजेट समेत व्यवस्था नगरी मर्मत सम्भार कोषबाट खर्च लेखेको रकम रु.५,९८,२१२/- अनियमित देखिएको रु.

अनियमित भएको	५,९८,२१२

१२१ **पाइपको मौज्दात:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९(५) मा आवश्यकता भन्दा बढी हुने गरी जिन्सी मालसामान तथा सम्पत्ति खरिद गर्न नहुने उल्लेख छ।पालिकाले वडा नं.११ चैनपुर बृहत खानेपानी वितरण कार्यक्रमका लागि विगतमा पाइप खरिद कार्य गरेको उल्लेख गरी गो.भौ.नं.५७-२०८०।५।२० बाट मिनु आइरन स्टोर्सलाई रु.५९८२१२।– भुक्तानी गरेकोमा पिएन १६, २० एमएमको पाइप ११९०० रनिङ्ग मिटर प्रति रनिङ्ग मिटर रु.३९.१६ का दरले खरिद भएकोमध्ये उक्त योजनामा ८३१५ रनिङ्ग मिटर पाइप मात्र प्रयोग गरी बाँकी २७८५ रनिङ्ग मिटर पाइप वडाले बुझिलिएको देखियो ।वास्तविक आवश्यकता यकिन नगरी खरिद कार्य गरेकोले मौज्दात रहेको रु.१२३२३८।४८ मूल्यको पाइप पालिकाको जिन्सी मौज्दातमा आम्दानी बाँधेको नदेखिएकोले आम्दानी बाँधि अन्य आवश्यक योजनामा उपयोग भएको देखिने प्रमाण पेश हुनुपर्ने रु.१२३२३८

प्रमाण पेश नगरेको	१,२३,२३८

१२२ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. ९ भित्रका बस्तीमा सिँचाई व्यवस्थापन कार्यका लागि देवीथान रानाखेत सिँचाई व्यवस्थापन उपभोक्ता समितिलाई गो.भौ.नं.१११-२०८०।११।३० बाट रु.७४६६२।– भुक्तानी गरेकोमा पिएन १६, २० एमएम पाइपको तौल प्रति रनिङ्ग मिटर ०.१३५ किलोग्राम र पिएन १६, ३२ एमएम पाइपको तौल ०.३३८ किलोग्राम प्रति रनिङ्ग मिटर हुनेमा उपभोक्ताले क्रमश ३०० रनिङ्ग मिटर र ५०० रनिङ्ग खरिद गरेको बिल पेश गरेको देखियो । उक्त खरिद बिलअनुसार २०९.५० किलोग्राम पाइपको मात्र कार्य हुनेमा उपभोक्ताबाट सम्पन्न भएको कामको बिलमा २३०.२० किलोग्राम पाइपको कार्य भएको उल्लेख गरी भुक्तानी भएकोले बढी भुक्तानी परिमाण २०.७ किलोग्रामको प्रति किलोग्राम रु.३४७ का दरले हुने रकममा जनश्रमदान वापतको १० प्रतिशत रकम कट्टा गरी हुने रकम असुल गर्नुपर्ने रु.६४६५

असुल गर्नुपर्ने	६,४६५

१२३ **जटिलसंरचना निर्माणः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका उपभोक्ता समितिको जनश्रमदानको सुनिश्चितता नहुने स्वास्थ्य चौकी भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिमार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
४८, ५७-२०८१।३।२२	सिद्धकाली स्वास्थ्य चौकी निर्माण वडा नं. ३	भवन निर्माण	३८८१८४३.००
१२१-२०८१।१।२	सिंहदेवी टोल विकास संस्था भवन निर्माण	भवन निर्माण	४७२१९५.००
१३२-२०८१।१।३	भगवती आ वि अधुरो भवन निर्माण	भवन निर्माण	४४९३२८.००

१२४ **लागत सहभागिताः**

नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

१२५ **उपभोक्ता समिति मार्फत खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २(६) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समिति सम्झनुपर्ने र नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ। नगरपालिकाले श्रममूलक एवं उपभोक्ताको लागत साझेदारी समेत नहुने अवस्थामा गणेश आधारभुत विद्यालयमा चिल्ड्रेन पार्क निर्माणका लागि २०८०।७।२७ मा २०८१।२।३० सम्म कार्य गर्ने गरी सम्झौता गरेकोमा प्ले स्टेशन फुल सेट १, मेरी गो राउण्ड२ सेट, ह्यापी गो राउन्ड २ सेट लगायत ७ प्रकारका सामान खरिद वापत खरिद बिलको आधारमा गो.भौ.नं.४८-२०८०।१०।८ बाट उपभोक्ता समितिलाई रु.८९९२८१।- भुक्तानी गरेको देखियो । नियमावलीको व्यवस्था विपरित श्रममूलक निर्माण कार्य बाहेकको कार्य उपभोक्ता समितिमार्फत गराएको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८,९९,२८१

१२६ **सिद्धकाली स्वास्थ्य चौकी भवन निर्माण**

१२६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । सोही ऐनको दफा ३१ मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ।संघीय सशर्त अनुदान अन्तर्गत पालिकाले सिद्धकाली स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि रु.४३६१२४४।६० को लागत अनुमान तयार गरी पालिकाबाट रु.३८८६०००।– र बाँकी जनश्रमदान हुने गरी २०८१।२।२७ मा २०८१।३।२० भित्र कार्य सम्पन्न गर्नेगरी उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो।उक्त छोटो समयावधिभित्र रु.४३५६५४६।३६ बराबरको कार्य गराएको कार्यसम्पन्न प्रतिवेदन एवं बिलको आधारमा उपभोक्ता समितिलाई गो.भौ.नं.४८, ५७-२०८१।३।२० बाट रु.३८,८१,८४३।- भुक्तानी भएको देखियो। स्वास्थ्य चौकी भवन निर्माण जस्तो सरकारी भवन निर्माणको कार्य उपभोक्तामार्फत गराउदा जनश्रमदान एवं लागत साझेदारीको सुनिश्चितता नहुने र छोटो समयमा निर्माण कार्य सम्पन्न

गरेकोले गुणस्तरीयता र दिगोपना समेत नहुने भएकोले प्रतिस्पर्धात्मक विधि अबलम्बन गरी कार्य गराउनुपर्नेमा उपभोक्ता समितिमार्फत निर्माण कार्य गराई खर्च लेखेकोरु.३८,८१,८४३/- अनियमित देखिएको रु.

अनियमित भएको	३८,८१,८४३

१२६.२ सोही स्वास्थ्य चौकी भवन निर्माण कार्यको २०८१।५।१२ मा स्थलगत अवलोकन गर्दा वर्षान्तमा हतारमा कार्य गराएका कारण स्वास्थ्य चौकी भवनको दक्षिणतर्फ भवन संरक्षणका लागि लगाएको प्लम कङ्क्रिट वाल (PCC 1:3:4 60% concrete & 40 % Boulder Stone) ३३.३२ घनमिटर प्रति घनमिटर रु.९५९०।१४ का दरले हुने रकम रु.३१९५४३।४६ समेत भवन निर्माण कार्यको अवस्था निम्नानुसार रहेको देखियो।उक्त निर्माण कार्यको उपभोक्ता समितिले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम (३क) बमोजिम बीमा नगराई कार्य गरेका कारण क्षति भएको उक्त कार्यबाट पालिकालाई थप व्ययभार पर्ने देखियो । योजनामा गरिएको लगानीलाई सार्थक बनाउन प्रतिस्पर्धात्मक विधिमार्फत कार्य गराउने गरी सम्झौता गर्नुका साथै नियमावलीको व्यवस्था अनुसार निर्माण कार्यको बीमा गरी कार्य गराई बाँकी निर्माण कार्य सम्पन्न गरी भवनलाई उपयोगयोग्य बनाउनुपर्दछ ।

स्थलगत अबलोकनको क्रममा देखिएको उक्त स्वास्थ्य चौकी भवनको अवस्थाः

१२७ हेभी इक्वीपमेन्टको प्रयोग

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित उपभोक्ताको जनश्रमदान नहुने अधिकांश सडकको ट्र्याक खोल्ने तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा प्राविधिकबाट मेशीन प्रयोग गर्दाको दररेटका आधारमा लागत अनुमान तयार एवं सम्झौता गरी उपभोक्ता समितिहरुले निर्माण व्यवसायीको डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी विजक संलग्न गरी सोही आधारमा पालिकाबाट भुक्तानी लिने गरेको देखियो । नियमावलीको व्यवस्थाबमोजिम यस्ता योजनामा हेभी इक्वीपमेन्ट प्रयोग गर्दा नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिने गरेको देखिएन। यसका केही उदाहरणहरु निम्नानुसार रहेका छन।उपभोक्ताको सहभागीता एवं जनश्रमदान प्रयोग नहुने यस्ता योजनाहरु प्रतिस्पर्धात्मक विधि अबलम्बन गरी निर्माण व्यवसायीमार्फत कार्य गराउनुपर्दछ ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	निर्माण व्यवसायी तथा प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१३-२०८१।२।२०	केराबारी खेलमैदान निर्माण उपभोक्ता समिति	खेलमैदान निर्माण	१७८२३९८	काका निर्माण सेवा: एक्साभेटर	२००१२३०
३०-२०८०।९।२२	वडास्तरीय खेलकुद मैदान निर्माण उपभोक्ता समिति: प्रकाशेश्वर आ वि को पश्चिमपट्टी	खेलमैदान निर्माण	१००००००	काका निर्माण सेवा: एक्साभेटर	११३११३०
१५५-२०८१।१।१२	जोगीडाँडादेखि अम्बोटे जाने बाटो विस्तार	सडक खन्ने	६०००००	काका निर्माण सेवा: एक्साभेटर	६७३८१९
२९८-२०८१।२।४	दुम्से हुँदै सातपत्रे बगर सडक ट्र्याक ओपन	सडक खन्ने	२८४६९५	काका निर्माण सेवा: एक्साभेटर	३१६३५४
२०६-२०८१।१।३१	खाम्लिङ्गदेखि वडा कार्यालयसम्मको बाटो वाइडेनिङ्ग	सडक खन्ने	६०९५६४	काका निर्माण सेवा: एक्साभेटर	७९८६८४
२५४-२०८१।३।४	भण्डारी चौतारा सेराखेत हुँदै सिम्लेसम्म ट्र्याक ओपन	सडक खन्ने	२८३२४८	काका निर्माण सेवा: एक्साभेटर	३३२२२०
३४-२०८०।९।२३	हात्तीसुडे धर्मदेवी अधुरो सडक ट्र्याक ओपन उपभोक्ता समिति	सडक खन्ने	२५००००	एस एण्ड एस भोजपुरे कन्सट्रक्सन: एक्साभेटर	२६३३३३
१५०-२०८१।१।६	बिजुवापानी ढाडबारी सडक निर्माण	सडक खन्ने	२५००००	एस एण्ड एस भोजपुरे कन्सट्रक्सन: एक्साभेटर	२७८८९४
१०५-२०८०।११।३०	पैरे पोक्लाबाङ सडक स्तरोन्नती उपभोक्ता समिति		२०००००	चन्दाछा निर्माण सेवा: एक्साभेटर	२२२४०५
१३७-२०८१।१।३	मयमबाट खोल्मे तुपुवा हुँदै तालखर्क जोड्ने ट्र्याक ओपन उपभोक्ता समिति	सडक खन्ने	४४९३२८	बिएमटी सप्लायर्स: एक्साभेटर	५०४६५८
१४३-२०८१।१।५	मयमबाट खोल्मे तुपुवा हुँदै तालखर्क जोड्ने ट्र्याक ओपन	सडक खन्ने	३०००००	बिएमटी सप्लायर्स: एक्साभेटर	३३३८०२
		जम्मा	६००९२३३		

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुँदा नं. ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला संचालन सम्बन्धि खर्चको मापदण्ड उल्लेख छ । तालिम केन्द्र बाहेक अन्य निकायले संचालन गर्ने तालिममा कक्षा संचालन वापत ८ सय र कार्यपत्र वापत ७ सय पाउने उल्लेख छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने तर कार्यपत्रको बापतको रकम पाउने उल्लेख छ । पालिकाले निम्नानुसारको तालिम संचालन गर्दा निर्देशिका भन्दा बढी भुक्तानी गरेको पाईयो । अत: बढी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ र मिति</th><th>कार्यक्रम तथा स्रोत व्यक्तिको नाम</th><th>सेसन</th><th>कार्यपत्र सहित पाउनुपर्ने</th><th>खुद भएको भुक्तानी</th><th>बढी भएको रकम</th></tr>
<tr><td rowspan="3">२२५।२०८१।३।२२</td><td>होमस्टे सम्बन्धि तालिम</td><td colspan="4"></td></tr>
<tr><td>रुन्द्र प्रसाद घिमिरे (बाह्य प्रशिक्षक)</td><td>८</td><td>१०२००</td><td>२३४६०</td><td>१३२६०</td></tr>
<tr><td>युवराज आचार्य (बाह्य प्रशिक्षक)</td><td>८</td><td>१०२००</td><td>२३४६०</td><td>१३२६०</td></tr>
<tr><td rowspan="3">४७।२०८१।०२।२४</td><td>पशुपालन सम्बन्धि तालिम</td><td colspan="4"></td></tr>
<tr><td>शुरेन्द्र कटवाल (पालिकाकै कर्मचारी)</td><td>२</td><td>११९०</td><td>२०४०</td><td>८५०</td></tr>
<tr><td>अजय मण्डल (पालिकाकै कर्मचारी)</td><td>२</td><td>११९०</td><td>२०४०</td><td>८५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>२८२२०</td></tr>
</table>
</td><td>२८,२२०</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चैनपुर नगरपालिका, संखुवासभा , चैनपुर नगरपालिका , संखुवासभा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Santosh Shrestha	२०८०-७-१९	
कार्यालय प्रमुख	Omkar prasad neupane	२०८१-१२-३	हाल सम्म कार्यरत
लेखा प्रमुख	Dipendra Chaulagain	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,४८२,२३४.९९	१८,४२८,३८९	४,०१९,५४४	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२४,९३०,१६७.९९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	६६८,६५०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	२८,२२०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२४,२८९,७३७.९९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६६८६८९६०.७३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४३६९९१६८८.२८	**चालु खर्च**	३९४४०७७९४.१३
प्रदेश सरकारबाट अनुदान	२८३०६३९८	**पूँजीगत खर्च**	२०३०४१४४५.२८
राजश्व बाँडफाँट	१०७३४४३५६.५२	**वित्तीय/अन्य व्यवस्था**	१४९०१८२९७.८२
आन्तरिक आय	१६१४३५४४.१३		
अन्य आय	१५३०२४५८५.६७		
कुल आय	७४१८१०५७२.६	**कुल खर्च**	७४६४६७५३७.२३
बाँकी मौज्दात		६२२११९९६.१	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखा परीक्षण समयमा गराई प्राप्त प्रतिवेदन कार्यान्वयन गराउनु पर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।